# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» मंगलबार, भदौ १९, २०७५ » Tuesday, September 4, 2018 » www.newsofnepal.com » नेसं ११३८ गुँलागा ९ » वर्ष २४, अंक २३७ » पृष्ठ १२ » मूल्य रु १०/–



३ { अनुरागमा एलिजाको राग

५ { मृत्युदण्डको कानुन बनाउन सकिँदैन

७ { पहिरोले घर भत्किँदा ३ को मृत्यु

९ { बिमस्टेकले नेपालको अन्तर्राष्ट्रिय पहिचान बढायो


# अब प्रदेशबाटै स्मार्ट लाइसेन्स

## ● ६ लाख छाप्न बाँकी ● निजी क्षेत्रलाई छपाउन दिने तयारी

मधुसूदन रायमाझी, काठमाडौं

सवारी चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) अब प्रदेश कार्यालयबाट नै पाइने भएको छ। यातायात व्यवस्था विभागले सातवटै प्रदेशबाट उक्त लाइसेन्स वितरण गर्ने तयारी बढाएको छ। विभागले एकद्वार प्रणालीबाट स्मार्ट कार्ड वितरण गर्ने प्रणाली बनाएर छपाइको कामसमेत प्रदेश कार्यालयलाई दिने गरी कार्ययोजना बनाउन शुरू गरेको हो।

प्रदेशबाट लाइसेन्स बाँड्ने गरी प्रक्रिया अगाडि बढाइएको बताउँदै विभागका महानिर्देशक लावण्यकुमार ढकालले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'हामीले आन्तरिक छलफल र गृहकार्य गरिरहेका छौं, कुन तहबाट वितरण गर्ने र केन्द्रीय डाटासँग कसरी जोड्ने भन्नेबारे टुंगो लाग्न बाँकी छ।'

प्रदेश सरकारको मागअनुसार लाइसेन्स छाप्ने अधिकार प्रदेश कार्यालयलाई दिने प्रक्रिया अगाडि बढाएको विभागले जनाएको छ। प्रदेश कार्यालयलाई आवश्यक पर्ने प्रिन्टर प्रदान गर्न ठेक्का आह्वानदेखि प्रिन्ट गर्दासम्म केन्द्रीय डाटासँग जोड्ने प्रणाली बनाएर मात्र प्रिन्टर उपलब्ध गराइने भएको छ। हाल विभागले देशभरका यातायात कार्यालयमार्फत अनलाइनबाट फर्म भर्ने र डाटा संकलन गरेर




स्मार्ट लाइसेन्स प्रिन्ट गर्दै आएको छ।

विभागबाट मात्र लाइसेन्स छपाइ हुँदा प्रदेशमा पुग्न समय लाग्ने र लाइसेन्स पाउनका लागि महिनौं कुर्नुपर्ने समस्या सिर्जना भएपछि प्रदेश कार्यालयलाई नै प्रिन्टर दिने तयारी विभागले गरेको हो।

यसै गरी प्रिन्टर बिग्रिँदा ट्रायल पास गरेर ६ लाख जनाले स्मार्ट लाइसेन्स प्राप्त गर्न सकेका छैनन्। तर, यातायात व्यवस्था विभागका प्रवक्ता गोकर्णप्रसाद उपाध्यायले आगामी ३ महिनाभित्र ६ लाख लाइसेन्स प्रिन्ट गरेर वितरण गर्ने बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'मागअनुसारको अहिले प्रिन्ट हुन सकेको छैन, प्राइभेट क्षेत्रलाई दिएर पनि ३ महिनाभित्र बाँकी रहेको कार्ड वितरण गर्छौं।'

स्मार्ट कार्ड छाप्नका लागि विभागले सूचना जारी गर्ने तयारी गरेको छ। यसका लागि निजी क्षेत्रले पनि चासो व्यक्त गरेको बताउँदै प्रवक्ता उपाध्यायले छिट्टै काम थालिने दाबी गर्नुभयो। निजी क्षेत्रलाई विभागले भौतिक पूर्वाधारसँगै स्मार्ट कार्ड र डाटा उपलब्ध गराउनेछ।

विभागले यसअघि नै ट्रायल पास गरेको एक महिनाभित्र नै स्मार्ट लाइसेन्स उपलब्ध गराउने दाबी गरे पनि हाल कार्ड प्रिन्ट गर्ने मेसिन बिग्रिँदा भद्रगोल बनेको छ। ९ वटा प्रिन्टर मेसिनमध्ये ४ वटा बिग्रिएका छन्। ५ वटा मेसिन सञ्चालनमा रहे पनि २ वटा मात्र पूर्णरूपमा सञ्चालनमा छन्। बिग्रिएका ३ वटा प्रिन्टरको मर्मतको काम भइरहेको विभागले बताएको छ। एउटा मेसिनले १ लाख स्मार्ट लाइसेन्स प्रिन्ट गर्ने क्षमताको हुने बताउँदै प्रवक्ता उपाध्यायले केही प्रिन्टरको छपाइ क्षमता सकिएकाले थप प्रिन्टर ल्याउनका लागि प्रक्रिया अगाडि बढाइएको बताउनुभयो।

हाल स्मार्ट लाइसेन्सको माग दैनिक ४ हजार छ तर मुस्किलले २ हजार मात्र प्रिन्ट हुने गरेको छ। हाल भइरहेको प्रिन्टरमा पनि दोहोर्‍याएर फरक-फरक प्रिन्टमा कार्ड हाल्नुपर्ने झन्झटको कारणले पनि ढिलाइ भइरहेको छ।

२०७२ मंसिरबाट स्मार्ट कार्ड वितरण प्रक्रिया शुरू भएको थियो। विभागले कागजी लाइसेन्स हटाएर स्मार्ट लाइसेन्स लागू गरेपछि दिन प्रतिदिन माग बढ्दै गएको छ। कागजी लाइसेन्स हुनेहरूले पनि स्मार्ट कार्डका लागि निवेदन दिएका छन्। ट्रायल पास गरेको १० महिना बितिसक्दा पनि चालक चिटकै भरमा सवारी चलाउन बाध्य छन्। विभागले गत साल असोजमा एकैपटक ७ लाख ५० हजार कार्डका लागि मद्रास प्रिन्टसँग सम्झौता गरेको थियो।

# अवकाश उमेर हद फेरि ५८ वर्ष

## संघीय निजामती ऐन मन्त्रिपरिषद्मा

सुनील महर्जन, काठमाडौं

अन्ततः निजामती कर्मचारीको अवकाश उमेर हद ५८ कायम गरेर संघीय निजामती ऐनको मस्यौदा मन्त्रिपरिषद्मा पठाइएको छ।

अर्थ, कानुन र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका बीच भएको लामो छलफलपछि अवकाशको उमेर हद पुनः संशोधन गरिएको हो। ऐनको मस्यौदामा ५८ राखेर मन्त्रिपरिषद्मा पठाइएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले जानकारी दिनुभयो।

स्वास्थ्य सेवाअन्तर्गतका कर्मचारीको हकमा अनिवार्य अवकाशको उमेर ६० नै कायम गरिएको छ। संघीय मामिलाले तयार गरेको शुरूको मस्यौदामा ५८ राखिएको थियो। मन्त्रालयले सहमतिका लागि अर्थमा पठाउँदा अर्थले अवकाशको उमेर हद ६० वर्ष कायम गर्न सुझाव दिएको थियो।

अर्थमन्त्री डा. युवराज खतिवडाको अध्यक्षतामा बसेको बैठकले सरकारमाथि थपिँदै गएको निवृत्तिभरणको बोझ, औसत आयुमा भएको वृद्धि, सबै तह

> पुराना कर्मचारीले स्वतः अवकाश पाउने र नयाँ प्रविधिमा पोख्त कर्मचारी आउने भएकाले प्रविधिमैत्री, ऊर्जा र उत्साहवान् जनशक्ति थपिने हुँदा सरकारी सेवामा थप छिटो छरितोपना आउने विश्लेषण गर्दै ५८ वर्ष नै उमेर कायम गरिएको कानुन मन्त्रालयको भनाइ रहेको छ।

र सेवामा देखिएको अवकाशित उमेरको विविधता, प्रदेश र स्थानीय तहको नयाँ संरचनामा अनुभवी कर्मचारीको आवश्यकतासमेतलाई दृष्टिगत गरी अवकाशको उमेर हद ५८ बाट ६० वर्ष कायम गर्ने निर्णय गरेको थियो। यसलाई कानुन मन्त्रालयले ठाडै इन्कार गरेर पुनः ५८ कायम गरिएको बुझिएको छ। पुराना कर्मचारीले स्वतः अवकाश पाउने र नयाँ प्रविधिमा पोख्त कर्मचारी आउने भएकाले प्रविधिमैत्री, ऊर्जा र उत्साहवान् जनशक्ति थपिने हुँदा सरकारी सेवामा थप छिटो छरितोपना आउने विश्लेषण गर्दै ५८ वर्ष नै उमेर कायम गरिएको कानुन मन्त्रालयको भनाइ रहेको छ।

अर्थ, कानुन र संघीय मामिलाबीच लामो समयको रस्साकस्सीपछि बल्लतल्ल मस्यौदा मन्त्रिपरिषद्मा पुगेको बताइएको छ। त्यसमा कानुन मन्त्रालयबाट केही बुँदा थप गरिएको बताइएको छ। थप गरिएको बुँदामा ऐनको मस्यौदामा प्रदेश निजामती सेवा र स्थानीय सेवाका लागि कर्मचारी प्रदेश लोकसेवाले परिपूर्ति गर्ने व्यवस्था गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## दुई विधेयक पारित

काठमाडौं, (नेस)

जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) पहिलो संशोधन र सामाजिक सुरक्षा विधेयक-२०७५ आइतबार सर्वसम्मतिबाट पारित भएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले उक्त विधेयक प्रस्तुत गर्नुभएको थियो।

उक्त अवसरमा सांसदहरू कृष्णभक्त पोखरेल, प्रेम सुवाल, दुर्गा पौडेल, लक्ष्मणलाल कर्ण, महेश्वर गहतराज, सूर्य पाठक, आशाकुमारी विकलगायतले छुवाछुत गर्नेलाई कानुनी कठघरामा ल्याइनुपर्ने बताउनुभएको थियो।

# शुरू भयो संसद्मा सवाल–जवाफ

गंगा बराल, काठमाडौं

प्रतिनिधिसभामा सोमबारदेखि सांसद र मन्त्रीको प्रश्न-उत्तर शुरू भएको छ। संसद्मा यसपालि यो व्यवस्था पहिलोपटक शुरू भएको हो। प्रतिनिधिसभा नियमावली-२०७५ को परिच्छेद ८ मा भएको व्यवस्थाअनुसार प्रश्नोत्तर विधि शुरू भएको सभामुख कृष्णबहादुर महराले जानकारी दिनुभयो। प्रश्नको जवाफ मन्त्रीले तत्काल दिनुपर्नेछ र मन्त्रीको जवाफ चित्त नबुझे त्यससँग सम्बन्धित प्रश्न अरू सांसदले पनि गर्न पाउनेछन्।

प्रतिनिधिसभाको सोमबारको बैठकमा नेपाली कांग्रेसका सांसद सञ्जयकुमार गौतमले पहिलोपटक शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेललाई प्रश्न गर्नुभएको छ। मन्त्री पोखरेलले गौतमको प्रश्नको जवाफ दिनुभएको थियो। गौतमले चालू आर्थिक वर्षको बजेट वक्तव्यको बुँदा नम्बर ४९ मा आर्थिकरूपमा विपन्न सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीलाई उच्च, प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि ५ प्रतिशत ब्याज अनुदानमा शैक्षिक कर्जा उपलब्ध गराउने भनिएकोमा सो कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक प्रबन्ध कहिलेसम्म मिलाउँछ भनी प्रश्न गर्नुभएको छ। मन्त्री पोखरेलले गौतमको प्रश्नको जवाफ दिनुभएको थियो। त्यसपछि राजेन्द्रकुमार केसी, तेजुलाल चौधरी, विरोध खतिवडा, प्रेम सुवालले पूरक प्रश्न गरेका थिए।

मन्त्रालयगत प्रश्न गर्नका लागि सांसदलाई दिन छुट्याइएको छ। प्रतिनिधिसभाले तयार पारेको कार्यतालिकाअनुसार आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सोमबार रक्षा, शिक्षा, विज्ञान तथा प्रविधि, ऊर्जा, जलस्रोत तथा सिँचाइ र भौतिक, पूर्वाधार तथा यातायात, मंगलबार स्वास्थ्य तथा जनसंख्या, कानुन, न्याय तथा संसदीय मामिला, संघीय मामिला तथा सामान्य प्रशासन र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतका विभिन्न प्रश्नमा सांसदले प्रश्न गर्न पाउनेछन्।

(क्रमशः पृष्ठ ९ मा)

# फोहोर व्यवस्थापनमा दैनिकजसो अवरोध

## आर्थिक चलखेल हुँदा समस्या भएको आरोप

ईश्वरराज ढकाल, काठमाडौं

सिसडोल ल्यान्डफिल साइटमा दैनिकजसो भएको अवरोधले काठमाडौं महानगरपालिकालगायतका स्थानीय निकायको फोहोर व्यवस्थापन हुन सकेको छैन।

सोमबार बिहान सिसडोलस्थित बलामी गाउँका स्थानीयबासीले फोहोर बोक्ने आधा दर्जन सवारीसाधनको टायरको हावा खोलेर बाटो अवरोध गरेका थिए। निजी सवारीसाधनको हावा खोलेका कारण सबै सवारीसाधन बाटोमै रोकिएका थिए। अहिले राजधानीको फोहोर व्यवस्थापनमा दैनिकजसो अवरोध हुन थालेको छ। वर्षा र सवारीसाधन अवरोधले गर्दा सोमबारसम्म जम्मा ९१ ट्रिप फोहोर व्यवस्थापन गर्न सकिएको कामपाले जनाएको छ, जबकि सिसडोलमा दैनिक १ सय ५० को हाराहारीमा




फोहोर व्यवस्थापन हुने गरेको थियो।

टेकुस्थित ट्रान्फर स्टेसनसमेत फोहोरले भरिएको बताउँदै कामपा वातावरण व्यवस्थापन महाशाखा प्रमुख युवराज खनालले धोबीखोला, बल्खु, कुलेश्वर महानगरका अधिकांश भित्री सडकको फोहोर पनि उठाउन नपाएको स्वीकार्नुभयो। कामपा एक्लैले ल्यान्डफिल साइटको सम्पूर्ण व्यवस्थापन गर्नुपर्दा समस्या आएको तर्क गर्दै कामपाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले भने वर्षा रोकिनासाथ समस्या सुल्झने बताउनुभयो।

महानगरकै कर्मचारीले भने वातावरण व्यवस्थापन विभागकै कारण फोहोर व्यवस्थापनमा समस्या आएको आरोप लगाएका छन्। ट्रान्फर स्टेसनमा निजी सवारीसाधनको फोहोर व्यवस्थापनमा रोक लगाइएको भए पनि विभागकै उच्च कर्मचारीको मिलेमतोमा त्यहाँ फोहोर फालिएको उनीहरूको दाबी छ।

निजी क्षेत्रले सवारीसाधन लोडर, डोजरलगायतका साधन प्रयोग गर्दा कामपालाई राजस्व तिर्नुपर्ने हुन्छ। तर, राजस्व नै नतिरी निजी क्षेत्रलाई कामपाको साधन दिइएको बताइएको छ। आर्थिक चलखेलका कारण फोहोर व्यवस्थापनमा समस्या आएको उनीहरूको आरोप छ।

(क्रमशः पृष्ठ ९ मा)


Accuracy Balance Credibility
ABC NEWS
10TH Anniversary
ABC NEWS
हार्दिक शुभकामना
एबीसी न्यूज टेलिभिजनले सफलतापूर्वक
एक दशक पूरा गरेको
सुखद अवसरमा सम्पूर्ण दर्शक,विज्ञापनदाता,
केबुल तथा डीटीएच वितरकलगायत
समस्त नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दै
सदाझैं निरन्तर हामीलाई सहयोग, सल्लाह र आलोचना गरी
जनतालाई सुसूचित गर्ने तथा मुलुकका आर्थिक समृद्धिको
हाम्रो अभियानमा साथ दिइरहनुहुन अनुरोध गर्दछौ ।
शुभशंकर कँडेल
अध्यक्ष / प्रधान सम्पादक
24 HOURS NEWS CHANNEL
abctvnews@gmail.com / mkt.abctv@gmail.com / www.abcnepal.tv
abc television nepal
abc news nepal
Supported By :-
MENAK JEWELRY
IME
GME REMITTANCE
Real Fruit Power
PRAN POTATO CRACKER
WORLDLINK



## आयु लामो होस्

गायक युवराज चौलागाईं जन्मदिनको अवसरमा आमाबाट आशीर्वाद लिँदै।

PAGE3

## हमालको जोक्स

अभिनेता सरोज खनाल अभिनेता राजेश हमालको जोक्स सुनेर रमाउँदै।





# अनुरागमा एलिजाको राग

नवनायिका एलिजा गौतमले सानैदेखि फिल्म क्षेत्रमा आउने चाहना भए पनि विवाहअघि आउन नपाएका कारण विवाहपछि मात्र आएको खुलाएकी छिन्। 'विवाह र बच्चा भएपछि घरपरिवार र श्रीमान् (पत्रकार ऋषि धमला) सबैको केयर गरेर समय निकाल्दै काम गर्नु त्यति सजिलो त थिएन, तर पनि श्रीमानको साथ र सहयोगले फिल्म क्षेत्रमा आएकी छु', उनले भनिन्- '*धनपति* र निर्मल शर्माको एक फिल्ममा अफर आए पनि समयअनुकूल नभएकाले काम गरिनँ। अफर आएका सबै फिल्म गर्नुपर्छ भन्ने छैन। आफ्नै फिल्ममार्फत डेब्यु गरे पनि अब अरू फिल्ममा पनि काम गर्नेछु।'

आगामी असोज १२ गते अन्य २ नेपाली फिल्मसँगै अल नेपाल रिलिजमा आउने फिल्म *अनुराग* आफ्ना लागि परीक्षा भए पनि सफल हुने विश्वास उनले व्यक्त गरिन्। 'राम्रो र भनेजसरी काम गर्न पाइने भएकैले घरभित्रकै फिल्मबाट डेब्यु गरेकी हुँ। मेरो फिल्म खेल्ने इच्छा थाहा भएपछि श्रीमान् र मबीच भएको सल्लाहबाटै *अनुराग* जन्मेको हो। फिल्ममा सबैले मेहनत गरेकाले सफल हुनेमा ढुक्क छौं', एलिजाले राजधानीमा आयोजित भेटघाटमा भनिन्- 'यो फिल्म कलेज पढिरहेका युवायुवतीका लागि गतिलो फिल्म हुनेछ। *अनुराग*सँगै अरू २ फिल्म पनि आउँदैछन्, तर यसका बाबजुद दर्शकले *अनुराग* हेरेरै छाड्नुहुनेछ भन्ने विश्वास छ। यसको गीत र ट्रेलरबाट पाएको कमेन्टका आधारमा पनि दर्शक *अनुराग* हेर्न लालायित छन् भन्ने महसुस गरेका छौं।'

फिल्मका प्रस्तुतकर्ता धमलाले *अनुराग* एलिजाकै लागि बनाएको बताए। 'एलिजासँग विवाह गर्दा उहाँ २१ वर्षको हुनुहुन्थ्यो। फिल्म क्षेत्रमा काम गर्ने रूचि देखाएपछि हामी आफैंले फिल्म बनाउने निर्णय गर्‍यौं। २ बच्चाकी आमा एलिजा बच्चा २ महिनाको हुँदादेखि नै फिल्मको तयारीमा लाग्नुभएको थियो', धमलालो भने- 'एलिजाको कामलाई दर्शकले मन पराउनुहुनेछ भन्ने विश्वास छ।' धमलाले अरूको फिल्ममा काम गर्नबाट रोक्नका लागि नभई फिल्म क्षेत्रमा पत्नीको इच्छा भएका कराण आफूले फिल्ममा लगानी गरेको बताए। '*अनुराग* फिल्म उद्योगको सहयोगी फिल्मको रूपमा आउँदैछ। राष्ट्रियस्तरका नेतादेखि प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीसम्मले तपाईंको फिल्म हेर्नुपर्छ भन्नुभएको छ। मैले फिल्म तपाईंहरूका लागि बनेको छैन युवायुवतीको लागि बनेको छ भनें, तर पनि रिलिजअघि एक पटक उहाँहरूलाई राखेर फिल्म देखाउने विचार छ' -उनले भने।

म्युजिकल लभ स्टोरी भनिएको फिल्म अनु र राग नामका २ युवायुवतीको प्रेममा आधारित छ। नवनिर्देशक सत्यराज चौलागाईं निर्देशित फिल्ममा समुद्रराज पण्डितले नवअभिनेताको रूपमा डेब्यु गरेका छन् भने एलिजा र समुद्रका साथमा सरोज खनाल, रूपा राना, राजाराम पौडेल, मोहन निरौला, शिशिर राणालगायतले अभिनय गरेका छन्। भरत गौतम र गीता भेटवालद्वारा निर्मित फिल्ममा कथा किरण ढकाल, पटकथा र संवाद निर्देशक चौलागाईं र अगात केसी, संगीत ताराप्रकाश लिम्बु र सरोज पोखरेलको रहेको छ।



# प्रदीपका फ्यानलाई गुलाब उपहार



पछिल्लो समयमा चकलेटी हिरो प्रदीप खड्काको क्रेज दरो छ। जहाँ जान्छन्, फ्यानबाट घेरिन्छन्। यसैलाई हेरेर रिलिजमा हुन लागेको फिल्म *रोज*को प्रमोसनल टुरका लागि प्रदीप खड्का, नायिका मिरुना मगर, परमिता आरएल राणा, गायक प्रताप दास, हास्यकलाकार दिनेश काफ्ले, नवगायिका प्रज्ञा श्रेष्ठलगायतको टिमका साथ विभिन्न शहर पुगिरहेका छन्।

आइतबार इटहरी र धरानको कन्सर्ट सम्पन्न गर्ने क्रममा आयोजित कन्सर्टमा पनि प्रदीप र *रोज*को टिमले उल्लेख्य फ्यानको साथ पायो। इटहरी र धरानको भानुचोकमा भएको कन्सर्टका क्रममा प्रदीपले आफूलाई हेर्न र भेट्न आएका युवा युवतीलाई स्टेजबाटै गुलाबको फूल, फिल्मको नाम लेखिएको टीसर्ट दिएर दंग पारिदिए। प्रदीप केही दिनदेखि विभिन्न शहरमा यसैगरी गुलाबको फूल बाँडेर रमाइरहेका छन्। 'योभन्दा अघिका फिल्मका लागि पनि यस्तै कन्सर्टमा लागेको थिएँ। त्यतिखेर पनि दर्शकले निकै ठूलो साथ दिनुभएको थियो, त्यो साथ आज पनि पाएको छु' -प्रदीपले भने।

कन्सर्टका क्रममा नायिकाद्वय मिरुना र परमिताले पनि फिल्मको बारेका जानकारी गराएका थिए। धरानमा नायिका मिरुनालाई उनका फ्यानले विशेष स्वागत गरे। मिरुनाको गृहजिल्ला भएकाले पनि उनका फ्यान *वि लभ मिरुना* लेखेको पोस्टर लिएर उनलाई भेट्न आएका थिए। मिरुनाले धरानको स्टेजबाट 'म धरानकी चेली' भनिरहँदा धरानवासीले ठूलो स्वरमा हुटिङ गरेका थिए। गायक प्रताप दास र प्रज्ञा श्रेष्ठले *रोज*को *फूल हैन* बोलको गीत गाउँदा दर्शक मज्जैले नाचेका थिए। हास्यकलाकार दिनेश काफ्ले र सन्ध्या थापाले सञ्चालन गरिरहेको कन्सर्ट कार्यक्रमका लागि *रोज* टिम सोमबार झापा पुगेको छ। झापाको दमक र बिर्तामोडमा कन्सर्ट सकेलगत्तै मोफसलको कन्सर्ट सकिने फिल्मका निर्माण नियन्त्रक बुद्धिलाल मगरले जानकारी गराएका छन्। उद्धव पौडेलको प्रस्तुतिमा निरक पौडेलले निर्देशन गरेको फिल्म आगामी भदौ २२ गते अल नेपाल रिलिज हुँदैछ।

# यचुश्री किड क्विन नेपाल



राजधानीस्थित मध्यबानेश्वरकी यचुश्री श्रेष्ठले १६औं संस्करणको *किड क्विन नेपाल-२०१८ को* उपाधि जितेकी छिन्। राजधानीमा सम्पन्न प्रतियोगितमा यचुश्रीले १५ जना प्रतिस्पर्धीलाई पछाडि पार्दै १० हजार रुपियाँको राशिसहित विभिन्न पुरस्कार प्राप्त गरिन्।

प्रतियोगितामा नयाँबजारकी लुमिला जोशीले *फस्ट रनर्सअप* हुँदै ७ हजार रुपियाँ जितिन् भने श्वेना श्रेष्ठ *सेकेन्ड रनर्सअप* भइन्। प्रतियोगितामा अपेक्षा शेरचन *मिस फ्रेन्डसिप*, वृक्षा गुरुङ *मिस चार्मिङ*, जेनिशा तामाङ *मिस स्माइल*, ओजस्वी महर्जन *बेस्ट स्किन*, दीया नापित *बेस्ट हेयर*, समृद्धि श्रेष्ठ *मिस पंचुअल*, प्रिया श्रेष्ठ *मिस इलिजेन्ट*, नसाना महर्जन *मिस फोटोजेनिक*, डोल्मा छिरिङ गुरुङ *मिस पर्सनालिटी*, एञ्जेल खत्री *मिस डिसिप्लिन*, यचुश्री श्रेष्ठ *बेस्ट ड्रेस*, इशा श्रेष्ठ *मिस ट्यालेन्ट* तथा अपेक्षा शेरचन र अनुभूति गिरी *मिस सोसल वेलफेयर एम्बेसडर* भए।



लाखौं पाठकको प्रिय कामना

गाईजात्रा विशेष अंक

यस अंकका आकर्षण

- मार्क जुकरबर्गलाई केदार घिमिरे माग्ने बूढाको चिठ्ठी
- मनोज गजुरेलको गजुरीयल डट कम
- गाउँले बलदेवको भट्टी भागवत
- विजयरत्नको बक्स अफिस
- कपिल काफ्लेको लोकतान्त्रिक गाली
- शिवहरि पौडेलको नेता जात्रा मनाउने प्रस्ताव
- जितु नेपालको दोहोरी
- विल्सनविक्रम राई तक्मे बूढाको मायाले नथाम्ने संसार
- पेशल आचार्यको नकचरो सरकार
- प्रेम वली ढलकपुरेको पार्टी र ठोक्तकलगायत पद्नैपर्ने दर्जनौं तीखा, हसिला र पेचिला व्यंग्य लेख, कविता र चुटकिलाहरू।

साथमा कीर्तिकिशोर जोशी, उमेश अधिकारी, देवेन्द्र थुम्केली, उत्तम नेपाल, केशव खनाल, राजमान महर्जन, सानुराज डंगोल र पदम घलेका कुतकुत्याउँदा व्यंग्यचित्र।



# विचार

{ सिद्धान्तको लागि जीवन होइन, जीवनको लागि सिद्धान्त हुनुपर्दछ।
- मदन भण्डारी

{ परम्परा मानिसभन्दा ठूलो होइन। हामीले त्यसलाई संशोधन मात्र गर्ने होइन, जरादेखि नै निमोठी फाल्नुपर्छ।
- पारिजात

## सम्पादकीय

नेपाल समाचारपत्र

# 'बुद्धिस्ट सर्किट' स्थापनामा ढिलाइ नहोस्

नेपालले तुलनात्मकरूपमा लाभ लिन सकिने पर्यटकीय क्षेत्रमा बुद्धिस्ट सर्किटको अवधारणाले विशिष्ट महत्व राख्दछ। यही महत्व यसपटकको बिमस्टेक सम्मेलनमा पनि अभिव्यक्त भएको छ। बुद्धिस्ट सर्किट स्थापना गर्ने प्रतिबद्धता बिमस्टेक सम्मेलनको घोषणापत्रमार्फत व्यक्त गरिएको छ। यसले पनि बुद्धिस्ट सर्किट अवधारणाको महत्व दर्शाउँछ। त्यसैले सम्मेलनले बुद्धिस्ट सर्किटलाई निकै प्राथमिकतामा राखेको बुझ्न सकिन्छ। विषय उठान भएअनुरूप यसको कार्यान्वयन अघि बढ्ला त ? यदि कार्यान्वयन अघि बढ्यो भने कसरी बढ्ला ? उही पुराना प्रश्न फेरि उठेका छन्। बुद्धिस्ट सर्किटको चर्चा चलेको यो पहिलोपटक भने होइन। म्यानमारमा भएको तेस्रो बिमस्टेक सम्मेलनमा पनि कुरा उठेको हो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको यसअघिको नेपाल भ्रमणका समयमा पनि बुद्धिस्ट सर्किट निकै चर्चा भएको विषय हो। पटक–पटक चर्चा भए पनि कार्यान्वयनतर्फ अघि नबढेको अवस्थामा यसको महत्व र सन्दर्भ फेरि पनि सम्मेलनमै मात्र सीमित हुने त होइन ? भन्ने शंका गर्ने ठाउँ रहेको छ।

नेपालले विश्वको ध्यान आकृष्ट गरी पर्यटक प्रवर्द्धन गर्न सकिने अन्तर्राष्ट्रिय महत्वको विषय हो बुद्धिस्ट सर्किट। भगवान् गौतम बुद्धको जन्मस्थल नेपालको लुम्बिनी क्षेत्र विश्वका शान्तिमार्गी र बौद्धधर्मावलम्बीहरूको महत्वपूर्ण गन्तव्य रहेको छ। त्यसै गरी बुद्धले ज्ञान प्राप्त गरेको स्थान भारतको बोधगया, पहिलोपटक धर्मप्रवचन दिएको भारतको सारनाथ (मृगदावन) र महापरिनिर्वाण (देहत्याग) गरेको भारतको कुशीनगर पनि बौद्धमार्गीको महत्वपूर्ण गन्तव्यस्थल मानिन्छ। यस अर्थमा बुद्धिस्ट सर्किटको अवधारणा कार्यान्वयनका लागि अन्य राष्ट्रहरूले भन्दा बढी अग्रसरता नेपाल र भारतले देखाउनुपर्ने खाँचो रहेको छ। यसलाई अघि बढाउन दुवै देश मिलेर विशेष परियोजना ल्याउनुपर्ने देखिन्छ।

आगामी दुई वर्षपछि भारतमा हुने बौद्ध सम्मेलनले पनि बुद्धिस्ट सर्किटको अवधारणा कार्यान्वयन गर्न सघाउने विश्वास गरिरहेको समयमा नेपालले यस विषयमा कुनै पनि हिसाबले ढिलाइ गर्नु कूटनीतिक हिसाबले उचित हुन्न। नेपालले भारत सरकारसँग गर्नुपर्ने त मुख्य 'कनेक्टिभिटी'कै कुरा हो। 'कनेक्टिभिटी' भनेको सडक यातायात, रेल यातायात, हवाई यातायातको कुरो हो। यसले विश्वका बौद्धधर्मावलम्बी र शान्तिकामीलाई चार धामको दर्शन गर्न प्रेरित गर्ने र त्यसको लाभ दुवै देशले लिन सक्ने अवस्था रहन्छ। त्यसपछि क्रमशः बिमस्टेक सदस्य राष्ट्रहरूलाई समेट्दै जानुपर्ने हुन्छ। बिमस्टेकका सदस्य राष्ट्र श्रीलंका, थाइल्यान्ड र म्यानमार बौद्धमार्गी राष्ट्र हुन्। बंगलादेशको चक्मा क्षेत्र पनि बौद्धधर्मावलम्बीहरूकै बाहुल्यता छ। ती राष्ट्रका नागरिकलाई नेपालमा आकर्षित गर्न सक्ने हो भने देशको पर्यटन क्षेत्रले लाभ लिन सक्छ। त्यसैले बुद्धिष्ट सर्किटको अवधारणालाई उच्च महत्वका साथ अघि बढाउनुपर्ने देखिन्छ। यसलाई अघि बढाउन सके बिमस्टेक सम्मेलनको समेत सार्थकता रहन्छ।

## बिमस्टेकको ब्लू इकोनोमी

# 'ब्लू ओसन' रणनीतिको आधार



बद्री तिवारी

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक)को भर्खरै सम्पन्न चौथो शिखर सम्मेलनमा सर्वसम्मतिले जोड दिइएको ब्लू इकोनोमीको नीति वास्तविक रूपमै कार्यान्वयन हुने हो भने नेपाल र भूटानजस्ता भूपरिवेष्ठित मुलुकका लागि वरदान साबित हुनेछ। निश्चय नै सम्मेलनले जारी गरेका १८ बुँदे घोषणापत्रमा उल्लेख भएका सबै वियष महत्वपूर्ण छन्, तैपनि तिनीहरूको सफलता भने कार्यान्वयनमै निर्भर गर्दछ। नेपालसहित भारत, बंगलादेश, भूटान, श्रीलंका, थाइल्यान्ड र म्यानमार सदस्य रहेको यस संगठनले सदस्य राष्ट्रहरूबीच विभिन्न क्षेत्रहरूको 'कनेक्टिभिटी'लाई प्रमुख एजेन्डाका रूपमा प्राथमिकता दिनुलाई सकारात्मक मान्न सकिन्छ। पर्यटन, ऊर्जा, व्यापार, कृषि, यातायात सञ्जाल जल, स्थल, रेल र हवाई मार्ग, सूचना महामार्ग, अन्तरदेशीय विद्युत् प्रसारण लाइनको निर्माणलगायत विषयहरू निकै नै सकारात्मक छन्। केही वर्षदेखि चर्चामा रहेको क्षेत्रीय ऊर्जा सहकार्यलाई परिणाममुखी बनाउन 'बिमस्टेक ग्रीड इन्टरकनेक्सन' सम्बन्धी समझदारीपत्रमा सातै राष्ट्रले हस्ताक्षर गर्दै सम्पन्न सम्मेलनले नेपालमा उत्पादित विद्युत् अन्तर्राष्ट्रिय बजारमा निर्यातका लागि बाटो खोलिदिएको छ।

त्यसका अतिरिक्त बिमस्टेकका सातै सदस्य राष्ट्र यस क्षेत्रमा आइपर्ने प्राकृतिक प्रकोप, विद्यमान गरिबी, खाद्य असुरक्षा, पछौटेपन, संगठित अपराध, लागूऔषध कारोबारविरुद्ध लड्न तथा जलवायु परिवर्तनले निम्त्याउने सबै खाले जोखिमको सामना संयुक्तरूपमा गर्ने विषयमा एकमत हुनुलाई पनि सकारात्मक रूपमै लिन सकिन्छ। यद्यपि सदस्य राष्ट्रहरूले आ-आफ्नो तर्फबाट दायित्व निर्वाह नगर्ने र सानातिना कुरामै अल्झिरहने हो भने ती प्रतिबद्धता, सहमति र हस्ताक्षर केवल कागजमै सीमित रहनेछन्। त्यसैले सबै सदस्य राष्ट्रले गम्भीरतापूर्वक घोषणापत्रमा उल्लिखित सम्पूर्ण बुँदालाई सम्बोधन गर्नुपर्दछ। त्यसका लागि सम्बन्धित विषयका विज्ञलाई समेटेर प्रभावकारी संयन्त्र गठन गर्न ढिलाइ गर्नुहुँदैन।

बिमस्टेक घोषणापत्रमा उल्लेख भएका विषयको कार्यान्वयन हुन सकेमा यस क्षेत्रका सबै राष्ट्रलाई फाइदा त हुन्छ नै, नयाँ-नयाँ क्षेत्र र आयामहरू थपिने अपेक्षा गर्न सकिन्छ। त्यसमाथि व्यापार र लगानीबाटै क्षेत्रीय सहकार्यले प्रगति हासिल गर्नेबारेमा सहमत रहेका बिमस्टेक राष्ट्रबीचको स्वतन्त्र व्यापारसम्बन्धी सम्झौतालाई जति सक्दो छिटो टुङ्ग्याउन प्रतिबद्धता जनाएकाले व्यापार विस्तारको सम्भावना पनि उत्तिकै रूपमा बढ्ने देखिन्छ। यसबाट बर्सेनि खर्बौं रुपियाँको व्यापार घाटा बेहोर्न बाध्य नेपाललगायतका राष्ट्रहरूलाई राहत मिल्नेछ।

सम्मेलनमा सबै सदस्य राष्ट्रको वैदेशिक व्यापार समुद्र मार्गसँग जोडिएकोले 'ब्लू इकोनोमी', नेपालजस्ता पर्वतीय मुलुकका लागि 'माउन्टेन इकोनोमी'को अवधारणालाई जोड दिइएको थियो। सोही अनुरूप नेपाल र भूटानका आवश्यकतालाई ध्यानमा राखी बिमस्टेकका अन्य मुलुकले जलमार्ग सबैका लागि प्रशस्त गर्नुपर्ने निर्णयमा पुगेका हुन्। अब 'ब्लू इकोनोमी' के हो त भन्ने जिज्ञासा स्वाभाविक रूपमा उठ्न सक्दछ। 'ब्लू इकोनोमी' भन्नाले सामुद्रिक स्रोतहरूलाई उपयोग गर्दै दिगो विकास, आर्थिक वृद्धि, सुधारिएको जीविकोपार्जन, रोजगारी र स्वास्थ्यजस्ता विषयलाई समग्रमा समेट्ने रणनीति हो। यो सुविधा सामुद्रिक तटका मुलुकहरूले मात्रै पाउँदै आएकोमा अब नेपाल र भूटानका लागि पनि मार्ग खोल्ने सहमति भएकोले भूपरिवेष्ठित मुलुकहरू पनि 'ब्लू इकोनोमी'बाट लाभान्वित बन्न सक्ने अवसर नजिकिँदै छ। यसका लागि सम्बद्ध मुलुकहरू आफैंले पनि निरन्तर प्रयास जारी राख्नु आवश्यक हुन्छ। बंगलादेशमा गतवर्ष २०१७ मा सम्पन्न अन्तर्राष्ट्रिय 'ब्लू इकोनोमी' सम्मेलनलाई पछ्याउँदै यो निर्णय लिइएकोले नेपाल र भूटानको लागि बाटो खुल्ने देखिन्छ। यसका लागि बिमस्टेकका नेताहरूले कार्ययोजना तयार गर्न अन्तरसरकारी विज्ञ समूह गठन गर्ने प्रतिबद्धता पनि जाहेर गरिसकेकोले अन्तर्राष्ट्रिय व्यापार व्यवसायका लागि नेपाल र भूटान लाभान्वित बन्नेछन्। त्यसै गरी हिमाली तथा पहाडी पर्यावरणलाई संरक्षण गर्दै जलवायु परिवर्तनबाट हुनसक्ने जोखिम न्यूनीकरण गर्ने तथा त्यसविरुद्धका जोखिमको सामना गर्ने कुरामा सबै मुलुक सहमत भइसकेका छन्, नेपालका तर्फबाट यी विषयसँगै 'ग्रीन इकोनोमी' तथा 'माउन्टेन इकोनोमी'को अवधारणाबारे पनि ध्यानाकर्षण गराइएकोले क्षेत्रीय सरोकारका विषयहरूप्रति सबै पक्ष संवेदनशील बन्नु आवश्यक छ।

> 'ब्लू इकोनोमी' भन्नाले सामुद्रिक स्रोतहरूलाई उपयोग गर्दै दिगो विकास, आर्थिक वृद्धि, सुधारिएको जीविकोपार्जन, रोजगारी र स्वास्थ्यजस्ता विषयलाई समग्रमा समेट्ने रणनीति हो। यो सुविधा सामुद्रिक तटका मुलुकहरूले मात्रै पाउँदै आएकोमा अब नेपाल र भूटानका लागि पनि मार्ग खोल्ने सहमति भएकोले भूपरिवेष्ठित मुलुकहरू पनि 'ब्लू इकोनोमी'बाट लाभान्वित बन्न सक्ने अवसर नजिकिँदै छ।

'ब्लू इकोनोमी'मा नेपाल प्रवेश गर्ने अवसर पाएपछि त्यसको सदुपयोग गर्नका लागि पनि त्यत्तिकै हिसाबले तयारी गर्नु आवश्यक हुन्छ। नेपाल र भूटानले 'ब्लू इकोनोमी'लाई सदुपयोग गर्न सकेमा उद्योग, व्यापार व्यवसायका क्षेत्रमा प्रचलित 'ब्लू ओसन स्ट्राटेजी'का लागि पनि मार्ग प्रशस्त हुनेछ। वर्तमान विश्वमा औद्योगिक तथा व्यापारिक सफलता प्राप्त गर्नका लागि ठूला लगानीकर्ताहरूले अपनाउने रणनीति नै 'ब्लू ओसन स्ट्राटेजी' हो, जसमा विद्यमान सीमित बजारमै प्रतिस्पर्धा गर्नुको सट्टा नयाँ बजार सिर्जना गर्ने कुरामा विश्वास राखिन्छ। (यहाँ 'रेड ओसन' र 'ब्लू ओसन'लाई शब्दानुवाद गर्दा अनर्थ हुनसक्ने भएकोले भावानुवादस्वरूप सीमित क्षेत्रलाई 'रेड ओसन' तथा बृहत् क्षेत्रलाई 'ब्लू ओसन'का रूपमै बुझ्न सहज हुँदा अंग्रेजी शब्द नै प्रयोग गरिएको छ।)

कोरियामा जन्मिएका व्यवस्थापनका प्राध्यापक डब्लू चान किम र अमेरिकी अर्थशास्त्री एवम् व्यवस्थापनविद सुश्री रिनी माउबर्नले विकास गरेको सिद्धान्त नै 'ब्लू ओसन स्ट्राटेजी' हो। विज्ञद्वय किम र माउबर्नद्वारा संयुक्त लेखनमा सन् २००५ मा प्रकाशित पुस्तक 'ब्लू ओसन स्ट्राटेजी' ले 'रेड ओसन' र 'ब्लू ओसन'का बारेमा स्पष्ट हुने गरी आधुनिक बजारमा आफ्नो प्रभाव कसरी जमाउने र व्यावसायिक यात्रामा कसरी अघि बढ्ने भनी सुझाएका छन्।

'रेड ओसन'ले सीमित क्षेत्र मात्रै समेटेको हुन्छ र त्यहीँ भित्रै सीमित स्रोतहरू र बजारका लागि कडाभन्दा कडा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ। 'रेड ओसन' रणनीतिले बनिसकेको बजारमा सीमित स्रोतका लागि प्रतिस्पर्धा गर्न सिकाउँछ र यो रणनीति सधैं धर्मराउँदो अवस्थामा नै हुन्छ, किनकि विद्यमान बजारमा उपभोक्ता, वस्तु तथा सेवा सबै परिचित र रोजाइमा भर पर्नुपर्ने अवस्था आउँछ भने प्रतिस्पर्धा पनि निरन्तर गरिरहनुपर्दछ, जसले गर्दा कुनै पनि उद्योग व्यवसायको भविष्य सुनिश्चित बन्न सक्दैन। ठूलो लगानी र गुणस्तरलाई सधैं यथावत् रूपमा राख्न सकेमा मात्र त्यस्ता कम्पनीहरू अघि बढ्न सक्छन्।

त्यसको ठीक विपरीत 'ब्लू ओसन' रणनीति अवलम्बन गर्दा पूर्णरूपमा वस्तु तथा सेवाका उपभोक्ता तथा ग्राहक आकर्षित गर्नका लागि पूर्णरूपमा नयाँ बजार सिर्जना गर्नुपर्दछ। यसमा कोही कसैसँग प्रतिस्पर्धा गर्नुपर्दैन तर केही वर्षपछि उस्तै प्रकारका वस्तुका उत्पादक तथा सेवाप्रदायक कम्पनीहरूको जन्म भयो भने प्रतिस्पर्धा बढ्न सक्छ। यद्यपि 'ब्लू ओसन स्ट्राटेजी'ले सधैं नयाँ-नयाँ क्षेत्रको खोजी गरिरहेको हुन्छ, त्यस क्षेत्रमा अरुको प्रवेशको सम्भावना थोरै मात्र हुन्छ। यस रणनीतिले उद्योगी व्यवसायीहरूलाई सीमित क्षेत्रमा मात्र अल्मलिएर बस्नुभन्दा नयाँ-नयाँ सम्भावना तथा विकल्पहरूको खोजी गर्नपट्टि लाग्नुपर्दछ भन्ने सन्देश दिन्छ। यसको क्षेत्र नै बृहत् तथा असीमित भएकोले सधैं सम्भावनाहरूकै बीचमा आ-आफ्नो व्यापार व्यवसाय फस्टाउन सक्छ। यसलाई नेपालको वर्तमान वैदेशिक व्यापारको क्षेत्रसँग तुलना गर्ने हो भने नेपालले गर्न सक्ने ठाउँ धेरै छ। बिमस्टेकले सामुद्रिक मार्ग खोलिदिएसँगै नेपालले अब कसैको निगाह नपर्खी आफूले पाएको अधिकार प्रयोग गर्दै निर्यात व्यापार बढाउन सक्ने धेरै सम्भावनाहरू छन्। त्यसका लागि सरकारले निरन्तर पहल गर्दै वैदेशिक व्यापार वृद्धि गरी मुलुकको व्यापार घाटालाई कम गर्दै लग्न सक्नेछ। नेपालका अर्थशास्त्री, विज्ञ र व्यापार व्यवसायका क्षेत्रमा काम गर्दै ख्याति कमाएका व्यक्तिहरूको एक प्रभावकारी कार्यदल बनाएर 'ब्लू इकोनोमी'को अवसर सदुपयोग र 'ब्लू ओसन स्ट्राटेजी'को अवलम्बन गर्न सकेमा विश्वका विभिन्न मुलुकमा आफ्ना उत्पादन बिक्री तथा सेवा प्रदान गर्दै फाइदा लिन सक्ने अत्यधिक सम्भावनाको सदुपयोग सम्भव छ। यसका लागि सरकारले निजी क्षेत्रलाई विश्वासमा लिएर उनीहरूकै सुझाव, सल्लाह र लगानीमा ठूला परियोजना सञ्चालन गर्न सक्छ। वास्तवमै यसबाट मुलुक समृद्ध बन्न सक्ने सम्भावना झन् धेरै छ। 'ब्लू ओसन' रणनीतिबाट सरकारका अतिरिक्त मुलुकका निजी क्षेत्रले पनि ऊर्जा, पर्यटन, उद्योग व्यापार, सेवालगायतका क्षेत्रमा फाइदा लिन सक्ने सम्भावनाहरूलाई पहिल्याउन सक्नुपर्दछ, ताकि सधैं एकै ठाउँ, वस्तु र उपभोक्तामा मात्र भर पर्नुपर्दैन।

badript@gmail.com

## पाठक पत्र

### अधिकार र पैरवीका कुरा

अधिकार र पैरवी महत्वपूर्ण विषय हो। राज्यले सूचनाको हक लागू गरेर कोही पनि व्यक्ति वा समुदाय सूचनाबाट वञ्चित हुन नपरोस् भन्दै कानुनमै यस्ता कुराहरूको उल्लेख गरिएको छ तर अझै पनि समुदायमा यस्तो समुदाय, वर्ग, जाति र लिंगका कुराहरू बाँकी नै छन्, जसले सरकारले कानुनमा उल्लेख गरेका मौलिक हकको बारेमा जानकारी पाउन सकेका छैनन्। सोको सहजै उपयोग गर्न सकेका छैनन्।

पछिल्लो परिवर्तनसँगै झनै धेरै मात्रामा यस्ता विषयहरू उठाउनुपर्ने, सचेतना फैलाउनुपर्ने देखिएको छ। नयाँ कानुनमा उल्लेख गरिएका अधिकार र पैरवीका कुराहरूलाई त झनै महत्वका साथ वडा-वडासम्म पुऱ्याउनुपर्ने जरुरी देखिएको छ।

अधिकार र पैरवी पिछडिएको समुदाय, पछाडि पारिएको बस्ती, आवाज पुग्न नसकेका र अधिकारको जानकारी नै नपाएर टाठाबाठाहरूले रजाइँ गरिरहेका स्थानहरूसम्म पुऱ्याउनु आवश्यकता हो तर कहिलेकाहीँ आयातीत रूपमा गरिएको वा रकम प्राप्त भएपछि मात्र गरिने/गरिएको अधिकारको वकालत र पैरवीले परिणाममुखी बनाउने नाममा अस्वस्थ प्रतिस्पर्धाको नाममा कतै सोझा व्यक्तिहरू नै त्यसको सिकार हुन पुग्ने त होइनन् ? त्यसबारमा पनि सम्बन्धित निकायहरूले विचार गर्नुपर्ने अहिलेको आवश्यकता हो।

*- ऋषि खनाल, ठमेल।*

### बलात्कारी नरपिचासलाई दुई शब्द

पछिल्लो समय नेपाली समाज असुरक्षित बन्दै गएको विभिन्न घटनाले प्रमाणित गरेका छन्। अहिले बलात्कार तथा यौनहिंसाका घटनाहरूको प्रकृति झनै भयावहरूपमा प्रकट भइरहेका छन्। हरेक दिनजसो बालिका बलात्कारजस्तो निकृष्ट अपराध बढिरहँदा सभ्य समाजमाथि पटाक्षेप भइरहेको छ। विश्वास र भरोसा मानिने परिवार, आफन्त, शिक्षित र सभ्य मानिएका व्यक्तिबाटै बालिकादेखि किशोरीहरू बलात्कारको चपेटामा पर्दै आएका छन्। रक्षकहरू नै भक्षक हुन थालेपछि सभ्य समाजमाथि कलंकको टीका लाग्न थालेको छ।

प्रदेश नं. ५ मा एकसाताभित्रै आधा दर्जन बलात्कारका घटना सार्वजनिक भए। जसमध्ये तीन छ वर्षमुनिका बालिका छन्। बाँकेको कोहलपुरमा पाँच वर्षीया बालिकामाथि काकाले बलात्कार गरेको मुद्दा सेलाउन नपाउँदै १३ वर्षीया बालिका आफ्नै हजुरबुबाबाट बलात्कारको सिकार भइन्। पीडित बालिकाले ७० वर्षे हजुरबुबाबाट लगातार तीन वर्षदेखि यौनशोषणमा परेको कोहलपुर इलाका प्रहरीमा उजुरी दिएकी छन्। यस्तै, कोहलपुर-३, मैटहवामा पनि नाताले काका पर्ने किशोरले पाँच वर्षीया बालिकालाई जर्बजस्ती बलात्कार गरेको घटनामा आरोपीलाई प्रहरीले पक्राउ गऱ्यो।

यसअघि, बुटवलको ज्ञानपुञ्ज विद्यालयका प्रिन्सिपल तोयाराम पौडेल नै छात्रावासका छात्रामाथि यौनहिंसाको आरोपमा पक्राउ परे। यस्तै प्रदेश नं. ५ अन्तर्गतका जिल्ला मात्रै होइन, हरेक प्रदेशका जिल्लाहरूमा बलात्कार तथा यौनहिंसाका घटना बढोत्तरी भइरहेका छन्। हरेक दिन सञ्चारमाध्यममा कहालीलाग्दा बलात्कार घटनाका दृष्टान्त सार्वजनिक भइरहेका छन्। घरपरिवारदेखि छरछिमेक, विद्यालयदेखि सार्वजनिक क्षेत्र, बजारदेखि कार्यस्थलसम्म बालिका बलात्कार, सामूहिक बलात्कार, बलात्कारपश्चात् हत्याजस्तो निकृष्ट अपराधको शृङ्खला चलिरहेको छ।

पछिल्लो समय दूधेबालिकादेखि ७५ वर्षीया वृद्धासम्म बलात्कारको सिकार हुन थालेका छन्। दिनहुँजसो बलात्कारका घटनाका प्रकृति डरलाग्दोरूपमा सार्वजनिक हुन थालेपछि महिला अधिकारकर्मी, प्रहरी, नागरिक समाज सबै क्षेत्रमा चिन्ता र चुनौती बढेको छ। तोतेबोली फुटेर सुखद बाल्यकाल नभोग्दै दानवीय सिकार बन्नुपरेका बालिकाको विदारक घटनाहरूले असुरक्षित समाजको चित्रण गरेको छ। आफन्त र परिवारबाटै पनि बलात्कार तथा यौनहिंसाका घटनाले सीमा नाघ्न थालेपछि सडकमा बलात्कारीलाई 'मृत्युदण्ड' दिनुपर्ने मागसहित विरोध प्रदर्शन हुन थालेको छ। अहिले सडकदेखि संसद्सम्म बलात्कारजस्तो जघन्य अपराध गर्नेलाई कठोर सजाय दिइनुपर्ने आवाज उठिरहेका छन्।

'अति भएपछि खति हुन्छ' भन्ने नेपाली उखान छ। बलात्कारका घटनाले समाज असुरक्षित बन्दै गएपछि र मानवीय संवेदनाको पराकाष्ठा नाघेपछि बलात्कारीलाई 'मृत्युदण्ड' दिनुपर्ने आवाज उठ्नु अस्वाभाविक लाग्दैन। तथापि, नेपालमा मृत्युदण्ड दिइने प्रावधान छैन। तर, कडा कानुनको अभावमा मानवीय सभ्यता र समाजलाई नै कलंकित पार्ने घटना बढिरहँदा न्यूनतम आजीवन कारावासको सजायचाहिँ दिनुपर्ने आवश्यकता महसुस भइसकेको छ। कतिपय गाउँमा डर र त्रासका कारण अझै पनि बलात्कारमा परेको घटना परिवार या प्रहरीसम्म बताउन नसक्ने अवस्था विद्यमान छ। आफूमाथि परेको अन्याय र पीडा सार्वजनिक गर्न नसक्ने अवस्थाले असुरक्षित समाजलाई नै प्रतिबिम्बित गर्छ।

मानिसमा मानवीयता हराएपछि आपराधिक कार्य हुने गर्दछन्। कतिपय घटनामा प्रहरीले नै उजुरी लिन नमानेका, सामान्य मिलापत्र गरेर छाड्ने गरेका र घटनाको वास्तविकता सार्वजनिक नगरी गुपचुपमै मिलाउने गरेका दृष्टान्त बाहिर आएका पाइन्छन्। अपराधी जोसुकै होओस्, संरक्षण गर्ने होइन, सामाजिक बहिष्कार गरिनुपर्छ। बलात्कारका कहाली लाग्दा घटना बढ्दै गएपछि सिंगो समाज नै चिन्तित र असुरक्षित हुन थालेको परिप्रेक्ष्यमा निकृष्ट अपराधका विरुद्ध हरेक क्षेत्रबाट संवेदनशीलता देखाउनुपर्ने भएको छ। बलात्कारको घटना बालहिंसाको निकृष्ट नमुना बनिरहँदा यो गम्भीर सामाजिक मुद्दाका रूपमा उठ्नै पर्छ। र, यस्ता घटना निरुत्साहित गर्न चौतर्फीरूपमा अभियान सञ्चालन गरी अपराधीलाई कडा सजायको व्यवस्था गरिनुपर्छ।


*- सुधिर पन्थी, भनभने-५, गुल्मी*
*हाल : बलम्बु, काठमाडौं।*

## सामाजिक सञ्जाल



जानी-जानि नै यहाँ अरूलाई हराउन खोज्छन्
बस्दै आएको ठाउँबाट अन्तै सराउन खोज्छन्।
दुःखमा साथ देलान् भनेर कसैको आश नगर्नू
आफू बच्नको लागि अरूलाई मराउन खोज्छन्।

विष्णु खनाल
**@bishnubsk**



सेतो कोट लगाएर कालो धन्दा गर्ने, सरकारी अस्पतालमा ताल्चा लगाएर निजी अस्पतालमा धमाधम बिरामी जाँचिरहेका, अपरेसन गरिरहेका डाक्टर .... !

आचार्य छब्बु
**@Acharyaxabbu800**

नेपालमा पहिलो पटक सञ्चालन भएको यस कन्फरेन्समा २३ राष्ट्रका उच्च तहका सैनिक अधिकृत ८३ र नेपाली सेनाका तर्फबाट २० जना गरी १ सय ३ जनाको सहभागिता रहेको छ।

# महिला उद्यमीको तीनदिने अन्तर्राष्ट्रिय सम्मेलन शुरू




**नेपाल समाचारपत्र**

काठमाडौं

उपराष्ट्रपति नन्दबहादुर पुनले महिलालाई आर्थिकरूपमा सबल नबनाएसम्म आर्थिक उन्नति नहुने बताउनुभएको छ। उहाँले दिगो विकास र गरिबी अन्त्यका लागि महिलालाई सक्षम र सबल बनाउनुपर्ने बताउनुभयो।

दक्षिण एसियाली महिला विकास मञ्चले राजधानीमा आयोजना गरेको महिला उद्यमीको अन्तर्राष्ट्रिय सम्मेलन उद्घाटन गर्दै उपराष्ट्रपति पुनले महिलामाथि हुने विभेद र हिंसाको अन्त्य नभएसम्म मुलुकले आर्थिक विकासमा फड्को मार्न नसक्ने भएकाले समावेशी र दिगो विकासका लागि लैंगिक विविधतासहितको सहअस्तित्व अनिवार्य रहेकामा जोड दिनुभयो।

उहाँले नेपालको नयाँ संविधान र कानुनले महिलाका हक अधिकार सुनिश्चितताका लागि राज्यका हरेक निकायमा समानुपातिक समावेशिताको व्यवस्था लागू गरेको बताउँदै मुलुकको समृद्धिका लागि महिलालाई आर्थिक र सामाजिकरूपमा सशक्तीकरण गर्नु आवश्यक रहेको बताउनुयो।

कार्यक्रममा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले महिलाको आर्थिक सशक्तीकरणले परिवारमात्रै नभई सिंगो समाज नै समृद्ध हुने भएकाले अर्थतन्त्रलाई समावेशी र दिगो बनाउने धारणा व्यक्त गर्नुभयो। सरकारले महिलाई उद्यमी बनाउन विशेष ग्राहयता दिएको र नीतिगतरूपमा प्रोत्साहन गरेको बताउनुभयो।

उहाँले नेपालको संविधान र कानुनले राज्यका प्रमुख पदमा महिलाको सहभागिता सुनिश्चित गरेको बताउनुभयो।

दक्षिण एसियाली महिला विकास मञ्चका अध्यक्ष प्रमिला आचार्य रिजालले महिलालाई सफल उद्यमी बनाउन महिलामैत्री नीतिको खाँचो रहेको औंल्याउनुभयो। कार्यक्रममा भारतको महिला उद्यमी संघकी अध्यक्ष रमादेवी र अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसीमोड)नेपालका महानिर्देशक डा. डेबिड मोल्डेनले महिलालाई उद्यमशील बनाउन तालिमका साथै आर्थिक र प्रविधिक क्षेत्रको सहज पहुँच हुनुपर्नेमा जोड दिनुभएको थियो। ३ दिनसम्म चल्ने उक्त कार्यक्रममा दक्षिण एसियाली साथै अन्य मुलुकका विज्ञ महिलाको सहभागिता छ।

# मृत्युदण्डको कानुन बनाउन सकिँदैनः उपसभामुख

काठमाडौं, (नेस)

उपसभामुख डा. शिवमाया तुम्बाहाङ्फेले बलात्कारीलाई मृत्युदण्डको कानुन बनाउन नसकिने बताउनुभएको छ।

नेपाल राष्ट्र बैंक कर्मचारी संघ महिला विभागले शनिबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा उपसभामुख तुम्बाहाङ्फेले मृत्युदण्डको कानुन अहिलेकै अवस्थामा बनाउन नसकिने स्पष्ट पार्नुभएको हो। 'नेपालले जस्तोसुकै अवस्थामा पनि नागरिकको बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने गरी विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र अभिसन्धिमा हस्ताक्षर गरेको छ', बलात्कारीलाई मृत्युदण्डको माग भइरहेका बेला उहाँले भन्नुभयो- 'नेपाल त्यस सम्झौतामा रहुन्जेल त्यस्तो कानुन निर्माण गर्न सकिँदैन।'

उपसभामुखले संघीय संसद्ले महिला हिंसामा संलग्नलाई भने कठोर कानुन बनाएरै छाड्ने प्रतिबद्धता जनाउनुभयो। 'जन्मकैदजस्ता अति नै कठोर व्यवस्था भएको कानुन बनाउन सकिन्छ' -उहाँले भन्नुभयो।


संविधानले राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित भएको उल्लेख गर्दै उपसभामुख तुम्बाहाङ्फेले आगामी दिनमा कम्तीमा ५० प्रतिशत वा जनसंख्याका आधारमा हुनुपर्ने धारणा राख्नुभयो।

नेपाली महिलाले कला, संस्कृतिको संरक्षण गरिरहेको उल्लेख गर्दै उहाँले विभेदकारी संस्कृतिलाई भने परिमार्जन गर्दै लैजानुपर्नेमा जोड दिनुभयो।

शनिबार नै उपसभामुख तुम्बाहाङ्फेले दृष्टिविहीन कल्याण समितिको साधारणसभालाई सम्बोधन गर्दै अपांगता भएकाको अधिकार रक्षाका लागि भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। 'अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन संसद्मा छ', उहाँले भन्नुभयो- 'ऐनले तपाईंहरूको अधिकारको संरक्षण गर्छ भन्ने विश्वास लिएकी छु।'

सीमित स्रोत र साधनका बीच नेपालमा अपांगता भएका व्यक्तिले उल्लेख्य कार्य गरेकामा प्रशंसा गर्दै उपसभामुखले माध्यमिक तहसम्मका विद्यार्थीलाई ब्रेल लिपीका पुस्तक अभाव भएकामा आफ्नो ध्यानाकर्षण भएको जनाउनुभयो।

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

# सांस्कृतिक पर्वले नेपालीलाई एकताबद्ध गराएको छ : प्रम

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालका विभिन्न सांस्कृतिक पर्वले नेपालीलाई एकताबद्ध गराउने काम गरेको बताउनुभएको छ।

गौरापर्वको अवसरमा सोमबार एक शुभकामना सन्देश दिँदै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्री ओलीले नेपालको जातीय र सांस्कृतिक विविधतालाई आपसी द्वन्द्वमा रूपान्तरण गर्ने दुष्प्रयासलाई नेपालीले सधैं परास्त गरेको स्मरण गर्नुभएको छ।

प्रधानमन्त्री ओलीले गौरा पर्व नेपालको एक विशिष्ट पहिचान झल्काउने पर्व भएको बताउनुभएको छ। विशेषगरी कर्णाली र ७ नं प्रदेशमा मनाइने यस पर्वले नेपालको सांस्कृतिक एकतालाई थप मजबुद बनाएको प्रधानमन्त्री ओलीको भनाइ छ।

प्रधानमन्त्री ओलीले शुभकामना सन्देशमा भन्नुभएको छ- 'नेपालका विभिन्न भाषा, संस्कृति, भेषभूषा, रीतिरिवाज र संस्कारले विविधताबीच नै एकता, आपसी सम्बन्ध र सामाजिक सद्भावको सम्मिलन गराएका छन्।'

# एसिया प्यासिफिक इन्टेलिजेन्स चिफ्स कन्फरेन्स शुभारम्भ

**नेपाल समाचारपत्र**

काठमाडौं



नेपाली सेना र यूएस इन्डो प्यासिफिक कमान्ड डाइरोटेड अफ इन्टेलिजेन्सको संयुक्त आयोजनामा एसिया प्यासिफिक क्षेत्रमा पर्ने राष्ट्रका उच्च सैनिक तथा अधिकृत प्रतिनिधि सहभागी तालिम शुरू भएको छ।

सोमबारबाट शुरू भएको ११औं एसिया प्यासिफिक इन्टेलिजेन्स चिफ्स कन्फरेन्सको कामु प्रधानसेनापति पूर्णचन्द्र थापाले एक समारोहका बीच उद्घाटन गर्नुभएको छ।

नेपालमा पहिलो पटक सञ्चालन भएको यस कन्फरेन्समा २३ राष्ट्रका उच्च तहका सैनिक अधिकृत ८३ र नेपाली सेनाका तर्फबाट २० जना गरी १ सय ३ जनाको सहभागिता रहेको छ। बुधबारसम्म सञ्चालन हुने उक्त कन्फरेन्समा सहभागी हुन आउनुभएका उच्च तहका विदेशी सैनिकलाई नेपालका विभिन्न पर्यटकीयस्थलको भ्रमण गराउने कार्यक्रमसमेत रहेको छ।

यस प्रकारको बहुराष्ट्रिय संयुक्त कन्फरेन्सले वर्तमान र भविष्यमा उत्पन्न हुन सक्ने रणनैतिक सुरक्षा चुनौतीको समाधानका लागि अन्तर्राष्ट्रियस्तरमा भेटघाट, छलफल र समन्वयद्वारा पेसागत विशेषज्ञता आदानप्रदान हुन गई सैनिक इन्टेलिजेन्स क्षमतामा अभिवृद्धि गर्न मद्दत पुग्नुका साथै ती राष्ट्रसँगको सैनिक सम्बन्ध अझ मजबुत र प्रगाढ हुने विश्वास नेपाली सेनाले लिएको छ।



सुदूरपश्चिम क्षेत्रको महत्त्वपूर्ण धार्मिक एवं सांस्कृतिक पर्व गौराको उपलक्ष्यमा झ्याली झ्याम्टा बाजा बजाएर रमाइलो गर्दै युवाहरू। सुदूरपश्चिमेलीद्वारा धुमधामका साथ मनाइने गौरा पर्व भाद्र कृष्ण पञ्चमीदेखि शुरु हुने गर्दछ। तस्वीर : अनिल आङदेम्बे / काठमाडौं।

# दुई अपहरणकारी पक्राउ

काठमाडौं, (नेस)

लेनदेनको विषयलाई लिएर बन्धक बनाएको अभियोगमा रामेछाप पुनपाती गाउँपालिका-४ का सुकराम लामा, नुवाकोटका सहदेव श्रेष्ठ, चितवन भरतपुरका दिलिप गुरुङ, दीपक गुरुङ र टकलाल घलेलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-१६ माछापोखरीस्थित होटल भ्यु नेपालमा नवलपरासी घर भएका भक्तसिंह थापालाई विगत २ दिनदेखि बन्धक बनाई राखेको अवस्थामा महानगरीय प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरी टोलीले उक्त होटलको कोठा नम्बर १०४ बाट थापालाई आइतबार उद्धार गर्नुका साथै उनीहरूलाई नियन्त्रणमा लिएको हो। उनीहरूले थापालाई लेनदेनको विषयमा बन्धक बनाएको भन्ने खुल्न आएको छ।

यसैगरी काठमाडौं महानगरपालिका-३ वसुन्धरा बस्ने प्युठान घर भएका श्याम सन मगरलाई अपहरण गरेको अभियोगमा बूढानीलकण्ठ बस्ने सुनिल गुरुङलाई काठमाडौं महानगरपालिका-१६ लैनचौर चोकबाट आइतबार प्रहरीले बा८४प ११८५ नम्बरको पल्सर मोटरसाइकलसहित पक्राउ गरेको छ।


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा प्राप्ति, मान-सम्मान, बढुवा, काम सफल हुने।
**वृष** : धननाश, मानसिक तनाव, व्यर्थको खर्च, व्यापारमा बाधा।
**मिथुन** : उपहार मिल्ने, व्यापार-ठेक्कापट्टामा सफलता, आर्थिक लाभ।
**कर्कट** : चोटपटकको भय, पढाइमा असफलता, धन हानि।
**सिंह** : सुख-शान्ति, धनलाभ, उत्तम भोजन, इष्टमित्रको सहयोग।
**कन्या** : कार्यसिद्धि, विविध वस्तु वा सेवा प्राप्ति, शारीरिक स्वस्थता।
**तुला** : राज्यभय, इज्जत-प्रतिष्ठामा धक्का, पढाइ वा काममा बाधा।
**वृश्चिक** : गर्न लागेको काममा व्यवधान, धन र समयको नोक्सानी।
**धनु** : समस्या समाधान हुने, यश-कीर्ति बढ्ने, वाहन-सुख, धनलाभ।
**मकर** : पढाइ, प्रतियोगिता, मुद्दामामिला आदिमा विजय, धनलाभ।
**कुम्भ** : कार्यनाश, स्वास्थ्य बाधा, पारिवारिक विवाद, कष्ट, चिन्ता।
**मीन** : आफन्तमा विवाद, दौडधुप, दिनचर्या अस्तव्यस्त, झुटो आरोप।



# प्रदेश-३



सार्क र बिमस्टेक फरकफरक संगठन भएकोले एकलाई अर्कोसँग जोड्न नहुने देउवाको तर्क छ।

## प्रकाण्डलाई फेरि तीन दिन म्याद थप



नुवाकोट, (नेस)

नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'लाई पुन: जिल्ला अदालत नुवाकोटले आइतबार ३ दिन हिरासतमा राख्न म्याद थप गरेको छ।

स्काभेटर जलाएको आरोपमा काठमाडौंमा भदौ ७ गते पक्राउ गरी भदौ ८ गते नुवाकोट ल्याइएको प्रवक्ता विश्वकर्मालाई सोमबार चौथोपटक अनुसन्धानका लागि ३ दिन म्याद थप गरेको हो। प्रहरीले हरेक पटक एक साताको म्याद थप गर्न माग गरे पनि नुवाकोट अदालतले भने ३/३ दिन मात्र म्याद थप गर्दै आएको छ।

बेलकोटगढी नपा-९ देवीस्थानस्थित सडकमा राखिएको बा२क ४८९३ र बा१क ६८८८ स्काभेटरमा गत साउन ७ गते राति आगजनी गरी क्षति पुर्‍याई फरार रहेको भनी विप्लव, प्रकाण्डसहित १५ जनाविरुद्ध उजुरी दर्ता भएको छ। धमले-निरञ्जना-नलगाउँ-दुईपीपल सडक निर्माणको काम गरिरहेको नागार्जुन कन्स्ट्रक्सनका ठेकेदार रामबाबु जिसीले उजुरी दर्ता गराउनुभएको थियो।

स्काभेटर जलाएको आरोपमा परेको उजुरीमा नेत्रविक्रम चन्द 'विप्लव', खड्गबहादुर विक 'प्रकाण्ड', धर्मेन्द्र बास्तोला, सन्तोष बुढामगर, प्रकाश ओली, उमा भुलेज, चन्द्रबहादुर चन्द, मोहनबहादुर कार्की, मोहनलाल चन्द, अमर झाँक्री, उदय चलाउने, सविता तामाङ, सागर तिमल्सिना, विन्तोष सिलवाल र कृष्ण धमलाको नाम रहेको छ।

# भवन निर्माण अभियानमा दोलखाका पत्रकार

**नेपाल समाचारपत्र**

दोलखा

नेपाल पत्रकार महासंघ दोलखा शाखाले भवन निर्माणलाई नयाँ आर्थिक वर्षको प्रमुख अभियानको रूपमा शुरू गरेको छ। नवौं वार्षिक साधारणसभामा शाखाका अध्यक्ष जीवन लामाले एक वर्षभित्र आफ्नै भवनबाट कार्यालय सञ्चालन गर्ने उद्घोषसमेत गरेका छन्।

साधारणसभाका अवसरमा दोलखाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सदस्य पार्वत गुरुङले पत्रकार महासंघ दोलखा शाखाको भवन निर्माणमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। ६ लाख रुपियाँ आर्थिक सहयोग गरिसकेको भीमेश्वर नगरपालिकाले समेत थप सहयोगको प्रतिबद्धता जनाएको छ। नगरको सानको रूपमा रहने पत्रकार महासंघको भवन निर्माणका लागि नगरपालिकाले सधैं सकेको सहयोग गर्ने नगरप्रमुख भरत केसीले बताए। महासंघमा आबद्ध पत्रकारहरूले पनि भवन निर्माण छिट्टै सम्पन्न गर्न सक्रियतापूर्वक लाग्ने बताएका छन्।

दोलखाको २ नगरपालिका र सातवटै गाउँपालिकाले महासंघको भवन निर्माणमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। साधारणसभामा सहभागी बिगु गाउँपालिका प्रमुख युधिष्ठिर खड्का र बैतेश्वर गँउँपालिका प्रमुख छवि लामाले पत्रकारबाट सधैं सकारात्मक एवं सुधारात्मक सुझाव र सहयोगको अपेक्षा लिएको उल्लेख गर्दै भवन निर्माणमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

पत्रकार महासंघ दोलखा शाखाको भवन निर्माणका लागि हालसम्म करिब ३० लाख सहयोग प्राप्त भएको शाखा अध्यक्ष जीवन लामाले जानकारी दिए। भवन निर्माणका लागि राजेन्द्र मानन्धरको कार्यकालमा २१ लाख रुपियाँ सहयोग प्राप्त भएको र अहिले झन्डै १० लाख रुपियाँ सङ्कलन भएको अध्यक्ष लामाले बताए। पत्रकार महासंघ दोलखा शाखाको भवन निर्माणका लागि नेपाल सरकारको सूचना तथा सञ्चार मन्त्रालय, नेपाल पत्रकार महासंघ केन्द्रीय समिति, तत्कालीन जिल्ला विकास समिति दोलखा, नेपाली कांग्रेसका नेता एवं सांसद जीपछिरिङ लामा, पूर्वमन्त्री आनन्दप्रसाद पोखरेल, प्रदेश सांसद पशुपति चौलागाईं, समाजसेवी महेन्द्रबहादुर कार्की, बद्रीबहादुर कार्की, सोभित उप्रेती, माधवमणि राजभण्डारी, नेपाली कांग्रेस दोलखाका सभापति रुद्रबहादुर खड्का, समाजसेवी रामहरि श्रेष्ठ, बालकृष्ण शिवाकोटी, प्रभु श्रेष्ठ, जिल्ला समन्वय समिति दोलखाका सदस्य विदुर शर्मालगायतले सहयोग गरेका छन्। त्यसै गरी पत्रकार, अधिकारकर्मी, विभिन्न संघसंस्था तथा कार्यालयका कर्मचारीलगायतले पनि आफ्नो जन्मदिन तथा अन्य विभिन्न शुभकार्यको अवसरमा महासंघको भवन निर्माणका लागि आर्थिक सहयोग गर्दै आएका छन्। त्यसै गरी विभिन्न कार्यक्रमबाट बचेको रकमसमेत भवन निर्माणका लागि राखिने गरेको शाखाका अध्यक्ष जीवन लामाले बताए।

पछिल्लोपटक दोलखा जिल्ला फुटबल संघका अध्यक्ष गोविन्द श्रेष्ठले आफ्नो जन्मदिनको अवसरमा भवन निर्माणका लागि १० हजार रुपियाँ सहयोग गरेका छन्। दोलखा जिल्ला फुटबल संघले विगतदेखि नै हरेक काममा पत्रकार महासंघसँग सहकार्य गर्दै आएको र महासंघको भवन निर्माणका लागि समेत फुटबल संघले सकेको सहयोग गर्ने अध्यक्ष श्रेष्ठले बताए।

सदरमुकाम चरिकोटस्थित लामाचौरमा निर्माणाधीन भवन झन्डै २ करोडमा सम्पन्न हुने महासंघका अध्यक्ष लामाले बताए। साढे ३ तले उक्त भवनमा सूचना केन्द्र, पुस्तकालय, सभाहललगायतको सुविधा रहने महासंघले जनाएको छ।

## जाली चोरी गर्ने दुई पक्राउ

रसुवा, (नेस)

रसुवामा जाली चोरी गर्ने २ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा कालिका गाउँपालिका-३ का उज्ज्वल देवकोटा र वीरबहादुर तामाङ रहेका छन्।

चोरीमा संलग्न रहेका रमेश अधिकारी फरार रहेका प्रहरी निरीक्षक ओम प्रकाश वाग्लेले बताए। सिम्ले भोर्ले सडक खण्डका लागि बुनिएका ९ थान जाली र नबुनेको एक रोल तार उनीहरूले चोरी गरेका थिए। शुक्रबार राति १ बजेको समयमा चोरी गरेर सामग्री ल्याउँदै गर्दा गाउँलेले समातेर प्रहरीको जिम्मा लगाएका थिए। पक्राउ परेका दुवै जनालाई मुद्दा चलाइएको छ। फरार रहेका अधिकारीको खोजी भइरहेको प्रहरीले जनाएको छ।

यसअघि पनि जाली हराएको भन्दै ठेकेदारले जाहेरी दिएका प्रहरीले जनाएको छ। करिब १८ हजार बराबरको सामग्री बरामद गरिएको प्रहरी निरीक्षक वाग्लेको भनाइ छ। 'यसअघि पनि दैनिकजसो जाली हराउने गरेको थियो, अहिलेसम्म करिब ४ लाखको जाली हराएको छ।' -जाहेरीमा भनिएको छ।

## भन्सार छलीका कपडा बरामद

चितवन, (नेस)

जिल्ला प्रहरी कार्यालय चितवनले भन्सार छलेका र न्यून बीजकीकरण गरेर ल्याएका लाखौंका कपडा बरामद गरेको छ।

वीरगन्जबाट काठमाडौं लैजाँदै गरेको ना३ख ४३५९ नम्बरको ट्रकलाई चितवन प्रहरीले भरतपुरको गोन्द्रागबाट समानसहित नियन्त्रणमा लिएको हो। जिल्ला प्रहरी कार्यालय चितवनका डीएसपी शिव आचार्यले ट्रकमा लोड गरिएको कपडाहरू काठमाडौंका विभिन्न पसलको नाममा ल्याइएको जानकारी दिए। ट्रकमा लाखौं मूल्यका कपडा ल्याइए पनि भन्सारमा व्यापारीहरूले सेटिङ मिलाएर न्यून बीजकीकरण गराएको देखिएको डीएसपी आचार्यले जानकारी दिए। काठमाडौंमा सामान मगाउने व्यापारीहरूको विषयमा समेत अनुसन्धान गरिने उनले बताए। चितवनका प्रहरी प्रमुख एसपी सुशीलसिंह राठौंरले चाडपर्वका बेलामा भन्सार छलेर वा न्यून बीजकीकरण गरेर सरकार र जनता दुवैलाई ठग्ने यस्ता प्रवृत्ति र कामप्रति प्रहरी कठोर रूपमा प्रस्तुत हुने बताए।

## मुलुकी संहिता संशोधन गर्नुपर्छ : *देउवा*

**नेपाल समाचारपत्र**

चितवन



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकी संहिता संशोधन गर्नुपर्ने बताउनुभएको छ। चितवनको भरतपुरमा नेपाल प्रेस युनियनले सोमबार बिहान गरेको पत्रकार भेटघाटमा बोल्दै सभापति देउवाले मुलुकी संहिताको धेरै विषयमा विरोध भइरहेको भन्दै यसलाई संशोधन गर्दै अघि बढ्नुपर्ने बताउनुभयो।

सभापति देउवाले मुलुकी संहितालाई लिएर चिकित्सकहरूले देशव्यापी गरिरहेको आन्दोलनमा कांग्रेसको समर्थन गरेको समेत बताउनुभयो। चिकित्सकहरूका जायज माग सम्बोधन हुनुपर्ने देउवाको भनाइ छ। सभापति देउवाले मुलुकी संहिता सबैको छलफल गरेर नै ल्याए पनि अहिले विरोध सिर्जना भएकोले समय सापेक्षअनुसार संशोधन गर्नुपर्ने प्रतिक्रिया दिनुभयो।

सभापति एवं पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका देउवाले सरकारका पछिल्ला गतिविधि सही ढंगले अघि बढ्न नसकेको बताउनुभयो। देउवाले बिमस्टेक भने सफलतापूर्वक सम्पन्न भएको बताउनुभयो। सार्क र बिमस्टेक फरकफरक संगठन भएकोले एकलाई अर्कोसँग जोड्न नहुने देउवाको तर्क छ। यस्तै उहाँले संयुक्त सैन्य अभ्यासका बारेमा सबैको सहमति नभएकाले छलफलपछि मात्रै टुंगो लाग्ने बताउनुभयो। उहाँले देशमा पछिल्लो समयमा बढेका बलात्कारका घटनाप्रति चिन्ता व्यक्त गर्दै दोषीको पहिचान गरी कारबाही गराउन सरकार असफल भएको टिप्पणी गर्नुभयो।

# तरकारी र आलु जोनलाई प्रभावकारी बनाउन माग

**नेपाल समाचारपत्र**

नुवाकोट

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ तरकारी र आलु कार्यक्रमको जोनलाई प्रभावकारी बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको लाभान्वित क्षेत्रका सरोकारवालाले बताएका छन्।

परियोजना कार्यान्वयन एकाइ आलु तथा तरकारी जोन नुवाकोटले संयुक्त रूपमा आयोजना गरेको स्थानीय निकाय तथा सरोकारवाला निकायसँग गरिएको समन्वय गोष्ठी कार्यक्रममा सरोकारवालाले तरकारी र आलु जोनको कामलाई प्रभावकारी बनाउन माग गरेका हुन्। कार्यक्रममा बोल्दै प्रतिनिधिसभाका सांसद हितबहादुर तामाङले नुवाकोटमा आलु र तरकारीको प्रचुर सम्भावना भएकाले तरकारी र आलु जोन कार्यक्रमले प्रत्येक गाउँका किसानलाई समेटेमा नुवाकोटको विकास तरकारी र आलुमार्फत नै हुनसक्ने बताए।

त्यस्तै प्रदेशसभाका सांसद बद्री मैनालीले कृषिलाई आधुनिकीकरण गरी अगाडि बढाउनुपर्नै भन्दै आफूले प्रदेशसभाको सांसदको हैसियतले सक्दो सहयोग गर्ने बताए। त्यस्तै उक्त कार्यक्रममा बोल्दै प्रदेशसभाका अर्का सांसद हीरानाथ खतिवडाले आलु र तरकारी जोनमा देखिएका समस्यालाई सबै मिलेर समाधान गर्नुपर्ने बताए। खतिवडाले कृषकलाई जीवन धान्ने भन्दा पनि व्यावसायिक उत्पादनमा जोड दिन आग्रह गरे। त्यस्तै जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख सन्तमान तामाङले तरकारी र जोन आलुले किसान लक्षित कार्यक्रम ल्याउनुपर्ने बताए।

सो कार्यक्रममा शिवपुरी गाउँपालिकाका अध्यक्ष रामकृष्ण थापाले सबै शुरूआती अवस्थामा भएकाले जनप्रतिनिधि र तरकारी र आलु जोन सञ्चालन समितिबीच समन्वयको अभाव देखिएको बताए। थापाले तरकारी र आलु जोनले लिएको योजना र लक्ष्यलाई कार्यान्वयन गर्न सके जिल्लाले तरकारी र आलुबाट प्रशस्त फाइदा लिन सक्ने बताए। त्यस्तै कार्यक्रममा बोल्दै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना व्यवस्थापन एकाइ काठमाडौंबाट आएका अनुगमन तथा मूल्याङ्कन अधिकृत कमल शाहीले स्वदेशी सोच र लगानीबाट परियोजना शुरू गरिएको भन्दै परियोजनाबाट वार्षिक ६ दशमलव ५ मेट्रिक टन तरकारी उत्पादन गर्ने लक्ष्य लिएको बताए। अनुगमन तथा मूल्याङ्कन अधिकृत शाहीले परियोजनाबाट प्रतिवर्ष ७ लाख ७२ हजारलाई आंशिक र २५ हजारलाई पूर्ण रोजगारी दिने उद्देश्य रहेको बताए। त्यस्तै कार्यक्रममा जिल्ला कृषि विकास कार्यालय तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ तरकारी र आलु कार्यक्रमका प्रमुख डा. कमलराज गैरेले कार्यालयले विगतमा गरेका काम र आगामी दिनमा गर्ने कार्यक्रमको विषयमा जानकारी दिन तथा सल्लाह लिन कार्यक्रम आयोजना गरेको बताउनुभयो।

कार्यक्रममा दिइएको जानकारीअनुसार नुवाकोटमा जोनमा संलग्न कृषकको संख्या ५ हजार ५ सय २९ रहेको छ। तरकारी तथा जोन आलु कार्यक्रमले नुवाकोटमा नै पहिलो पटक कामदार र दक्षजनशक्तिको अभाव भएको भन्दै ड्याङ बनाउने मेसिनसमेत प्रयोगमा ल्याइसकेको कार्यालयले जनाएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ तरकारी र आलु कार्यक्रमका प्रमुख डा. गैरेले आलु र तरकारी जोनको लागि यो वर्ष जिल्लामा २ करोड १५ लाखको बजेट आएको बताउनुभयो।

कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ तरकारी र आलु कार्यक्रम लागू भएका साविकका गाविसहरू खानीगाउँ, चौघडा, कविलास र थानसिंह तथा यस वर्षदेखि थप भएर साविक गणेशथान र सूर्यमतिको फाँट क्षेत्रसम्म विस्तार भएका क्षेत्रका कृषक तथा जनप्रतिनिधिको उपस्थित रहेको थियो। कार्यक्रममा ककनी गाउँपालिकाका अध्यक्ष मानबहादुर लामा, पञ्चकन्या गाउँपालिकाका अध्यक्ष तेजबहादुर तामाङ, ककनी गाउँपालिकाकी उपाध्यक्ष सीता लामा, शिवपुरी गाउँपालिकाकी उपाध्यक्ष मञ्जु केसीलगायतले मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा स्थानीयतहका प्रमुख, उपप्रमुख र जोन सञ्चालक समितिका पदाधिकारीले जोन कार्यक्रम सञ्चालनका लागि स्वायत्त निकायको रूपमा जोन कार्यालयमार्फत सञ्चालन भए पनि कृषकका लागि आएको उत्कृष्ट कार्यक्रम भएकाले सफल रूपमा कार्यान्वयन गराउनु सबैको दायित्व रहेको सबै सरोकारवालाले बताएका छन्।


## वर्गीकृत डिस्प्ले







## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
**नारायणी पेट्रोल पम्प**
**रिङरोड, बाफल**
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

## नेपाल समाचारपत्रको वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, भदौ
मंगलबार
१९

उपचार शुरु गरेको साढे ४ घन्टापछि मात्र बिरामीलाई अस्पताल लानुपर्छ, एम्बुलेन्स तयार गर्नुस्, अवस्था अलिक गाह्रो छ भनेर भने। जब बिरामी मृत्युको मुखमा पुगेपछि मात्र उनले हामीलाई एम्बुलेन्स ल्याउनु भने ।

# नेपाल

## पहिरोले घर भत्किँदा तीनको मृत्यु



सरिता चलाउने, सल्यान

सल्यानममा अविरल वर्षापछि आएको पहिरोले घर भत्किँदा एकै घरका ३ बालबालिकाको मृत्यु भएको छ। जिल्लाको बागचौर नगरपालिका-१२ ओखेनी मूलखोलामा स्थानीय बालाराम डाँगीको घर आइतबार बेलुकी पहिरोले भत्किएपछि उहाँका २ छोरी र १ छोरा पुरिएर मृत्यु भएका हुन्।

पहिरोमा पुरिएर मृत्यु हुनेमा बालाराम डाँगीका १० वर्षीया छोरी ललिता डाँगी, ७ वर्षीय छोरा ललित वली र ४ वर्षीया छोरी मेनका डाँगी रहेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। बुबाआमा गोठमा भैंसी दुहुन गएको बेला घरमा बालबालिकाले मकै पोलेर खाँदै गरेको समयमा घरमाथिबाट पहिरो आएर भान्छा कोठा भत्किएपछि ३ बालबालिका पुरिएका थिए। पुरिएर मृत्यु भएका बालबालिकालाई झन्डै ११ घन्टापछि उद्धार गरिएको प्रहरी नायब उपरीक्षक वीरेन्द्रबहादुर शाहले बताउनुभयो।

उद्धारका लागि आइतबार रातिबाटै प्रहरीको टोली खटिए पनि वर्षा भइरहेपछि पुरिएका बालबालिकाको शव बिहान मात्र निकालिएको प्रमुख शाहले बताउनुभयो। मृतक बालबालिकाका बुबाआमा अझैसम्म पनि बोल्न नसक्ने स्थीतिमा रहेको इलाका प्रहरी कार्यालय सिमखोलीका प्रहरी नायब निरीक्षक रतन शर्माले बताउनुभयो।

यसैबीच जिल्ला प्रशासन कार्यालय सल्यानले मृतक बालबालिकाका परिवारलाई राहत वितरण गरेको छ। घटनास्थलमा पुगेर प्रमुख जिल्ला अधिकारी कमलराज ढकालले २५ हजारका दरले किरिया खर्चबापत ७५ हजार राहत प्रदान गर्नुभएको हो। जिल्लाबाट गएको टोलीसहित सोमबार बिहान प्रहरी नायब उपरीक्षक वीरेन्द्रबहादुर शाह, गुल्मपति रामकृष्ण श्रेष्ठ, बागचौर नगरपालिकाका मेयर लोकमान बुढाथोकीलगायतले घटनाको बारेमा जानकारी लिई राहत प्रदान गरेको प्रमुख जिल्ला अधिकारी कमलराज ढकालले बताउनुभयो। घटनास्थल सदरमुकामदेखि ५० किमि टाढा रहेकाले र अविरल वर्षाका कारण बाटो बिग्रिएकाले घटनास्थलमा सोमबार १२ बजेमात्र आफूहरू पुगेको बताउनुभयो।

कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री एवम् सल्यान-२ का सांसद प्रकाश ज्वालाले पहिरोले पुरिएर ३ जना बालबालिकाले ज्यान गुमाउनुपरेकोमा स्तब्ध भएको बताउनुभएको छ। सोमबार बिहान एक शोक वक्तव्य जारी गर्दै उहाँले सो कुरा बताउनुभएको हो।

## जुटमिलमा लगाइएको ताला तोडेर काम शुरू

सरोज यादव, विराटनगर

करिब डेढ महिनादेखि बन्द रहेको विराटनगर जुटमिलको ताला खुलाइएको छ। विराटनगर जुटमिलका कर्मचारीले ३० महिनादेखि गरेको कामको पारिश्रमिक नदिएको भन्दै जुटमिलको मुख्य गेटमै तालाबन्दी गरेका थिए। कर्मचारीले आन्दोलन गरेका कारण जुटमिल सञ्चालनको तयारी गरिरहेको व्यवस्थापन पक्षलाई थप समस्या परेको थियो।

विराटनगर जुटमिलको विवाद अझै बढ्दै गएको छ। २ व्यवस्थापन पक्षबीच एकआपसमा कुरा नमिल्दा मिलमा अझै पनि विवाद यथावत् रहेको छ। मिलमा अहिले मुकुन्दप्रसाद नेपाल र वसन्त बनले सञ्चालक समितिका अध्यक्षको रूपमा दाबी गर्दै आएका छन्। आफ्नै अडानका साथ अगाडि बढेका बन र नेपाल पक्षबीच आइतबार छलफल भएको थियो। वसन्त बनको पक्ष र पुराना कर्मचारी वार्तामा बसेका थिए। लामो समयसम्म वार्ता हुँदा पनि एकआपसमा सहमति हुन सकेन। आपसी सहमति हुन नसकेपछि नेपालको पक्षले १ महिनाअगाडि लगाएको ताला बन पक्षका कर्मचारी र मजदुरले तोडेको मिलका प्रशासन सहायक मनोज पुरीले जानकारी दिए। गत साउन १ गते विराटनगरको जुटमिल प्रशासनमा करार अवधि सकिएर निष्कासनमा परेका कर्मचारीले तलबभत्ता नदिएको भन्दै तालाबन्दी गरेका थिए। प्रशासनमा ताला लगाए पनि मिलभित्र भने काम भइरहेको थियो, तर पुनः करार अवधि सकिएर निष्कासनमा परेका कर्मचारीले साउन १६ गते मिलभित्र प्रवेश गर्ने मूल गेटमा नै तालाबन्दी गरको मिलका कर्मचारी सतीश देवानले बताए। पटक-पटक वार्ता र छलफलमा बसेका कर्मचारी र व्यवस्थपन पक्षबीच सहमति नटुंगिएपछि गेटमा लगाइएको ताला फोडेर काम गर्न शुरू गरिएको हो।

वसन्त बनका पक्षले सोमबार बिहानैदेखि मिलभित्र बगैंचा तथा मिलका पार्टपुर्जा सरसफाई गर्ने काम गरिहेका छन्। जुटमिल प्रशासन व्यवस्थापन पक्षले एकलौटी ताला तोडेको भन्दै पुराना करारका कर्मचारीले आपत्ति जनाएका छन्। कामबाट निस्कासन गरिएका कर्मचारीमा मनोजकुमार खड्का, दीनानाथ सिंह, जीतेन्द्र मण्डल, राकेश कर्ण, विपिन कोइराला, अवधेश सिंह, शुक्रराज लिम्बू, विमला काफ्ले, योगेश काफ्ले र रमा ज्ञवाली रहेका छन्। उनीहरूले आफूहरूले पाउनुपर्ने सेवासुविधा नपाएसम्म आन्दोलन जारी राख्ने बताएका छन्।

## । संक्षेप समाचार

### अरिंगालले टोक्दा बालिकाको मृत्यु

बैतडी, (नेस)

अरिंगालको टोकाइबाट बैतडीमा सोमबार १ बालिकाको ज्यान गएको छ भने २ जना घाइते भएका छन्। ज्यान जानेमा पाटन नगरपालिका-४ चिल्लेपानीका मदन लुहारकी ३ वर्षीया छोरी सम्झना रहेकी छन्। घरनजिकै मकैबारीमा मकै भाँचिरहेका बेला एक्कासि आएका अरिंगालले टोक्दा सम्झनाको मृत्यु भएको स्थानीय राजेन्द्र विष्टले जानकारी दिए। घाइते हुनेमा मदन लुहारकै ५ वर्षीया छोरी दीपा र ९ वर्षीय छोरा जगदीश रहेका छन्। सुदूरपश्चिमेलीको मुख्य पर्व गौराको मुख्य दिन अरिंगालले टोकेर छोराको मृत्यु र घाइते हुँदा मदनको घरपरिवार शोकमा डुबेको छ।

### नौ जुवाडे पक्राउ

पर्वत, (नेस)

पर्वतको सदरमुकाम कुस्माबजारमा प्रहरीले जुवाखालमा छापा मारेर ९ जनालाई पक्राउ गरको छ। जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरी टोलीले कुस्मा वडा नं ७ दुर्लुङचोकस्थित लेस्पार होटलमा सोमबार दिउँसो छापा मारेर जुवा खेलिरहेको अवस्थामा नियन्त्रणमा लिएको हो। पक्राउपर्नेमा विकास पुन, मेखबहादुर पुन, हरि पुन, बलबहादुर पुन, अम्बे पुन, महेन्द्र पुन, ओम पुन, मीनबहादुर चोचांगी र अर्का मीनबहादुर पुन रहेको प्रहरीले जानकारी दिएको छ। पक्राउ परेकाका साथबाट तथा जुवाखालबाट गरी २७ हजार ६ सय ८० रुपियाँसमेत बरामद गरिएको छ।

### युवकको शव फेला

कञ्चनपुर, (नेस)

कञ्चनपुरको बेदकोट नगरपालिका-१ चम्फापुरमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको छेउमै १ युवकको शव फेला परेको छ। भीमदत्त नगरपालिका-२ उल्टाखामका ४५ वर्षीय कल्यान पार्कीको शव खोला किनारको झाँडीमा फेला परेको छ। बेदकोट नगरपालिका-१ वडाध्यक्ष हरि गिरीले निकुञ्जका गेमस्काउटले गस्ती गर्ने क्रममा शव देखेको बताए। कञ्चनपुर प्रहरीले युवकको हत्या वा आत्महत्याको विषयमा अनुसन्धान थालिने जनाएको छ।

### १२ लाख ८० हजार भारुसहित पक्राउ

भद्रपुर, (नेस)

प्रहरीले भारतीय रुपियाँ १२ लाख ८० हजारसहित १ नेपाली युवालाई सोमबार बिहान पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल राजस्व तथा भन्सार सुरक्षा गुल्म काँकडभिट्टा र भन्सार टोलीले चेक प्वाइन्टमा गरेको चेकजाँचको क्रममा मानिससहित रकम फेला पारेको हो। भारतबाट कालो झोलामा राखेर नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा शंका लागि एक्सरे मेसिनमा राखेर हेर्दा कागजपत्रजस्तो देखिने वस्तु फेला परेको थियो। प्रहरीले घटनामा ललितपुरका ३२ वर्षीय रमेश बज्राचार्यको साथबाट सो रकम बरामद गरेको सशस्त्र गुल्मले जनाएको छ।

### सूचनाको हक कार्यान्वयन गर्न प्रतिबद्ध

कालिकोट, (नेस)

सूचनाको हकसम्बन्धी ऐन-२०६४ को प्रभावकारी कार्यान्वयन र स्थानीय सरकारका २२ वटा अधिकारको सही सदुपयोग गर्न जिल्लाको रास्कोट नगरपालिकाका महिला जनप्रतिनिधि प्रतिबद्ध भएका छन्। निर्वाचित महिला जनप्रतिनिधिका लागि, संघीयता, राज्य पुनःसंरचना, नेपालको संविधान र स्थानीय सरकारको काम कर्तव्यबारे बिहीबार आयोजित अभिमुखीकरण तालिमको समापन कार्यक्रममा रास्कोट नगरपालिकाका महिला जनप्रतिनिधिले यस्तो प्रतिबद्धता जनाएका हुन्।

### निर्माण सम्पन्न नगर्ने ठेकेदारलाई कारबाही

विराटनगर, (नेस)

भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रघुवीर महासेठले सांसद नै भए पनि समयमा पुल निर्माण नगर्ने ठेकेदार कम्पनीले छुट नपाउने बताएका छन्। विराटनगर विमानस्थलमा सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले यस्तो बताएका हुन्। मन्त्री महासेठले रौतहटको लालबकैया नदीस्थित टिकुलिया घाटमा निर्माण भइरहेको पुल निर्माणको ठेक्का लिएको पप्पु कन्ट्रक्सन प्रालिसँग सांसद हरिनारायण रौनियारको संलग्नता रहे पनि नरहे पनि ठेकेदार कम्पनीले छुट नपाउने बताए। उनले रौतहट घटनाको विषयमा छिट्टै कारबाही भएको समाचार सार्वजनिक हुने दाबीसमेत गरे।

## 'नेपाल प्रहरीलाई एसियाकै उत्कृष्ट बनाउँछु'



नेपाल समाचारपत्र

वीरगन्ज

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले नेपाल प्रहरीलाई एसियाकै उत्कृष्ट बनाउन लागेको बताउनुभएको छ।

वीरगन्ज महानगरपालिकामा रहेको वडा प्रहरी कार्यालय बिर्तामोडको नवनिर्मित ५ तले भवनको सोमबार उद्घाटन गर्दै खनालले जनताले अनुभूत गर्न सक्ने गरी शान्ति सुरक्षा कायम गर्नका लागि कुनै कसूर बाँकी नराख्ने बताउनुभयो। अपराध नियन्त्रणसँगै बचेको समय सामाजिक अभियानमा लगाउनसमेत उहाँले प्रहरीलाई निर्देशन दिनुभएको छ।

सबै स्थानीय तहसम्म प्रहरी युनिट पुऱ्याउने अभियानमा प्रहरी संगठन लागिपरेको उहाँले जानकारी दिनुभयो। नयाँ मुलुकी संहिताले धेरै विषयलाई अपराधको संज्ञा दिएकाले प्रहरी संगठन झनै जिम्मेवार भएर अघि बढ्नुपर्ने आजको आवश्यकता रहेको उहाँको भनाइ छ। महिला हिंसा, लागूऔषधविरुद्ध सामाजिक अभियान सञ्चालन गर्न उहाँले मातहतका अधिकारीलाई निर्देशनसमेत दिनुभयो।

## स्वास्थ्यकर्मीको लापरबाहीले सुत्केरीको मृत्यु

गणेश साम्पाङ, पाँचथर

पँचथरको याङवरक गाउँपालिका वडा नं ३ ओयाम स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मीको लापरबाहीका कारण १ सुत्केरी महिलाको आइतबार सँझ मृत्यु भएको छ।

मृत्यु हुनेमा सोही वडाकी २५ वर्षीया गीता देवान सेलिङ रहेकी छन्। गीतालाई सुत्केरी बेथा लागेकोजस्तो लक्षण देखिएपछि शुक्रबार बिहान १० बजे स्वास्थ्य चौकीमा भर्ना गरिएको थियो। गीतालाई स्वास्थ्य चौकीमा पुऱ्याएपछि सो चौकीका इन्चार्ज अहेब तेजबहादुर शाही बिरामीलाई १ अनमीको जिम्मा लगाएर वडा नं २ तिर लागेका थिए। शुक्रबार शनिबार सामान्य अवस्थामा रहेकी गीतालाई आइतबार बिहानैदेखि बेथाले च्याप्यो। '१ अनमीको भरमा श्रीमतीको अवस्था नाजुक बन्दै थियो, तर प्रमुख शाही भने आइतबार १२ बजे मात्र स्वास्थ्य चौकीमा आए', गीताका श्रीमान् समीर सेलिङ भन्छन्- 'अहेब शाही आएपछि श्रीमतीलाई चौकीभित्र लगेर उपचार गर्न शुरू गरिएको थियो। मलाई बाहिर पठाएर २ बजेतिर तपाईंकी श्रीमतीले बल गर्न नै सक्दिनन् अनि कसरी नानी जन्मिन्छ भनेर भने। अहेब शाहीले उपचार शुरू गरेको साढे ४ घन्टापछि मात्र बिरामीलाई अस्पताल लानुपर्छ, एम्बुलेन्स तयार गर्नुस्, अवस्था अलिक गाह्रो छ भनेर भने। जब बिरामी मृत्युको मुखमा पुगेपछि मात्र उनले हामीलाई एम्बुलेन्स ल्याउनु भने। सायद त्यतिखेर गीताले धर्ती छोडीसकेकी थिइन्' -सेलिङ भन्छन्।

'अन्त्यमा एम्बुलेन्स नपाएपछि साढे ५ बजेतिर उनीहरूले नै ट्याक्सीको व्यवस्था गरेर जबरजस्ती जिल्ला अस्पताल लैजान दबाब दिए। त्यतिबेला श्रीमतीको निधन भइसकेको थियो। अनि जिल्ला अस्पताल पाँचथर ल्याइयो' -समीरले भने। स्वास्थ्य चौकीमा भर्ना गरेको २ दिनपछि मात्र अहेब आउने, बीचमा कुनै खोज खबर नै नगर्ने अनि ५० घन्टामा आएपछि पनि बिरामीको अवस्था के छ अन्य सुविधासम्पन्न अस्पताल लानुपर्नेबारेमा कुनै जानकारी नै नदिने, मर्ने बेला भएपछि मात्र दबाब दिने कार्य अहेबको गम्भीर लापरबाही भएको र यसको जिम्मा अहेब शाहीले लिनुपर्ने ओयाम स्वास्थ्य चौकी सञ्चालक समितिका उपाध्यक्ष सुवास योङ्या भन्नुहुन्छ।

## परिचयपत्र हुनेखानेको कब्जामा

## खोई हामीलाई गरिब परिचयपत्र

सलिम अन्सारी, प्युठान



सरकारले गरिब घरपरिवार पहिचानका लागि वितरण गरिएको परिचयपत्रमा धनीको हालीमुहाली देखिएको छ।

गरिबका लागि आएको परिचयपत्रमा धनीको नाम समावेश भएपछि जिल्लावासीले विरोध जनाएका छन्। खास गरिब छुटेको र धनीलाई परिचयपत्र दिइएपछि वास्तविक गरिबको असन्तुष्टि चुलिएको हो। प्युठान नगरपालिकाभित्र गरिब परिवारलाई वितरण गर्ने भनिएको परिचयपत्र लक्षित वर्गले पाउन सकेका छैनन्। गरिब परिवार परिचयपत्र पाउनबाट वञ्जित छन् भने सम्पन्न वर्गले रातो कार्ड पाएका छन्। सोमबार यस्तै गुनासो लिएर नगरप्रमुख अर्जुनकुमार कक्षपतिको कार्यकक्षमा स्थायिी पुगे। गरिब परिचयपत्र वितरणमा गम्भीर त्रुटि देखिएको भन्दै प्युठान नगरपालिका-३ साविक विजयनगर गाविसका १ देखि ९ नम्बर वडाका स्थानीयले नगरप्रमुखलाई ज्ञापनपत्र बुझाएका छन्।

उनीहरूले हुनेखाने वर्गलाई महत्त्व दिँदा खाने गरिब वर्ग परिचयपत्र प्राप्त गर्नबाट वञ्चित रहेको गुनासो गर्दै मेयर कक्षपतिको ध्यानाकर्षण गराए। वितरण गरिएको गरिब परिचयपत्र फिर्ता गरी तत्काल नयाँ परिचयपत्र वितरण गर्न स्थानीयको माग छ। पाउनैपर्ने गरिब परिवारलेभन्दा पनि हुनेखानेकै बोलवालाले परिचयपत्र पाएको भन्दै प्युठान नगरपालिका-३ कुवापानीका मीनबहादुर खड्काले भने- 'यो त्रुटिपूर्ण छ। सच्चाइनुपर्छ।' नगरपालिकाले वडामै पुगेर तथ्यांक संकलन गरेर मात्र परिचयपत्र वितरण गर्नुपर्ने खड्काले माग गरे। हुनेखाने वर्गले पहुँचका भरमा परिचयपत्र लगेको आरोप स्थानीयको छ।

केन्द्रीय सरकारले संकलन गरेको ५ वर्षको पुरानो तथ्यांकबाट परिचयपत्र वितरण गरिएकाले वडामा समेत अन्योलता ल्याएको जनप्रतिनिधि बताउँछन्। प्युठान नगरपालिकाका मेयर कक्षपतीले सरकारले संकलन गरेको तथ्यांकमै त्रुटि भएकाले धेरै घरपरिवार छुटेको बताए। यसलाई राज्यले नै व्यवस्थित गर्नुपर्ने उनले बताए। उनले परिचयपत्र वितरणमा त्रुटि भएको स्वीकारे। 'छुटेका गरिबको तथ्यांक संकलन स्थानीय सरकारले गरे पनि सच्चाउने अधिकार हामीलाई छैन', उनले भने- 'नगरपालिकाले संशोधन गर्न मिल्दैन। जिल्लाका अधिकांश स्वर्गद्वारी नगरपालिकासहित ऐरावती झिमरुक, माण्डवी गाउँपालिकामा लगभग परिचयपत्र वितरण कार्य सकिएको छ भने बाँकी रहेका अन्य स्थानीय तह वितरणको तयारीमा छन्। उत्तरी प्युठानको गौमुखी गाउँपालिकाले वितरण गर्न नपाउँदै विरोध भएपछि वितरण कार्य स्थगित गरेको छ। विपन्न व्यक्तिले आफूहरूको नाम समावेश नभएको भन्दै परिचयपत्र वितरणमा रोक लगाएपछि स्थगित गरिएको गाउँपालिकाले बताएको हो।


आर्थिक वर्ष २०६९/७० मा जिल्लामा गरिब परिचयपत्रका लागि नागरिकको घरदैलोमा पुगेर फारम संकलन गरिएको थियो। जिल्लामा १४ हजार जनाका लागि तीन थरीका गरिब परिचयपत्र आएका छन्। कमजोर जीवनस्तर भएकालाई परिचयपत्र वितरण गर्ने सरकारी नीति भए पनि जिल्लामा प्रशस्त आयस्रोत भएका, पेन्सन बुझ्ने जग्गा जमिन धेरै भएका सरकारी जागिरे र व्यापारीलाई सूचीमा राखेर गरिब परिचयपत्र वितरण भएको आरोप छ।

# विश्व

**गर्मी**
सन् १९१० यता यो वर्ष बेलायतको तापक्रम सबैभन्दा बढी भएको मौसम विभागले जनाएको छ।



**प्रयोगविहीन**
चीनको आर्थिक नगर सांघाईमा संकलन गरिएका प्रयोग नभएका तथा अलपत्र छोइने गरिएको साइकलको थुप्रो।



2018, SEP
Tuesday
4

विश्व २ मिनेट

### चीन

## अफ्रिकालाई ६० अर्ब

बेइजिङ, (एजेन्सी)

चिनियाँ राष्ट्रपति सी जिन पिङले अफ्रिकाका लागि अर्को ६० अर्ब डलर लगानी प्रस्ताव गरेका छन्। चिनियाँ कम्पनीहरुलाई आगामी ३ वर्षमा १० अर्बभन्दा बढी लगानी गर्न प्रोत्साहन गर्ने उनले बताए। तर, 'निरर्थक परियोजना' विरुद्ध भने उनले चेतावनी दिएका छन्। अफ्रिकी नेताहरूको एक महत्त्वपूर्ण शिखर सम्मेलनको उद्घाटनमा सम्बोधन गर्दै सीले उक्त महादेशका जनताले विकासलाई देख्न र महसुस गर्न पाउने प्रतिबद्धता व्यक्त गरे। तर, त्यो 'हरित र दिगो' हुनुपर्ने पनि उनले जोडे। बेइजिङको ग्रेट हल अफ पिपुलमा नेताहरुलाई सम्बोधन गर्दै ६० अर्ब डलरमा १५ अर्ब डलर सहायता, ब्याजरहित लोन प्रदान गरिने उनले बताए।

### लिबिया

## ४ सय कैदी फरार

त्रिपोली, (एजेन्सी)

लिबिया राजधानी त्रिपोलीमा विद्रोही समूहबीच जारी हिंसात्मक संघर्षका क्रममा करिब ४ सय कैदी जेलबाट फरार भएको प्रहरीले बताएको छ। कैदीहरुले आइन जारा जेलको ढोका फोडेको र फरार भएको प्रहरीले जानकारी दिए। जेलका सुरक्षाकर्मी आफ्नो ज्यान जोगाउँदै भागेको बताइएको छ। राजधानीमा विद्रोही समूहबीच भइरहेको भिडन्तलाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघ समर्थित सरकारले त्यहाँ संकटकाल घोषणा गरेको छ। आइन जारा जेलमा राखिएका धेरैजसो कैदी पूर्वनेता मोमर गद्दाफीका समर्थक मानिन्छ। गद्दाफी सरकारविरुद्धको विद्रोहमा उनीहरु नै नागरिकको हत्या गरेकोमा दोषी पाइएका थिए।

### अमेरिका

## अर्बपति पक्राउ

वासिङ्टन, (एजेन्सी)

चीनका सबैभन्दा धनी व्यक्तिमध्ये एक लिउ क्विाङडोङलाई शुक्रबार राति अमेरिकामा गिरफ्तार गरिएको छ। चिनियाँ अनलाइन रिटेलर जेडी डट कमका प्रमुख कार्यकारिणी अधिकारी लिउलाई यौन अपराधको अभियोगमा पक्राउ गरी शनिबार अपराह्न रिहा गरिएको प्रहरीले पुष्टि गरेको छ। जेडी डट कमले भने रिचर्ड लिउको नामले पनि चिनिने उनलाई झुटो आरोप लगाइएको दाबी गरेको छ। जिङडोङको नामले पनि चिनिने जेडी डट कमको टेन्सेन्ट र वालमार्ट कम्पनीसँग पनि आबद्धता रहेको छ। चिनियाँ सामाजिक सञ्जाल वेइवोले उनलाई अनाहका समातिएको जनाएको छ।

### म्यानमार

## पत्रकारलाई काराबास

यांगुन, (एजेन्सी)

म्यानमारस्थित एक अदालतले सोमबार अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सका दुई जना पत्रकारलाई जनही सात वर्ष लामो काराबास सजाय सुनाएको छ। अल्पमत मुस्लिम समूह रोहिंग्यामाथि भएको सरकारी सेनाको दमनलाई लिएर समाचार संकलनमा लागेकै बेला तिनीहरुलाई गिरफ्तार गरिएको थियो। तिनीहरुविरुद्ध अदालतले राष्ट्रको गोपनियता उल्लंघन गरी कानुन मिचेको अभियोग लगाएको छ। हालै मात्र तिनीहरुलाई औपचारिक दस्ताबेज उपलब्ध गराउने म्यानमारका वा लोन र क्या सोय ओलाई पनि प्रहरीले गिरफ्तार गरेको छ। ती दुवै पत्रकारले आफू निर्दोष भएको बताएका छन्।

# ब्राजिलको राष्ट्रिय संग्रहालयमा भीषण आगलागी



रियो दि जेनेरो, (एजेन्सी)

ब्राजिलको राजधानी रियो दि जेनेरोस्थित राष्ट्रिय संग्रहालयमा भीषण आगलागी भएको छ। यो राष्ट्रकै सबैभन्दा पुरानो वैज्ञानिक प्रतिष्ठानका रूपमा पनि चिनिन्छ। यस संग्रहालयमा राखिएका अमेरिकामा भेटिएका सबैभन्दा पुराना मानव अवशेषलगायत २ करोड महत्त्वपूर्ण वस्तुहरु जलेर नष्ट भएको अग्नि नियन्त्रण निकायले जनाएको छ।

आगलागीको कारण अझैसम्म थाहा हुन सकेको छैन। तर, यस दुर्घटनामा कोही पनि घाइते नभएको प्रहरीले जनाएको छ। कुनै जमानमा पोर्चुगलका शाही परिवारको दरबार रहेको स्थानमा खोलिएको यस संग्रहालयको यसै वर्ष मात्र २ सयौं वार्षिक उत्सव मनाइएको हो।

आगन्तुकहरुका लागि संग्रहालय बन्द गरिएको केही समयपछि आइतबार साँझ अचानक त्यहाँ आगलागी शुरू भएको थियो। ब्राजिलियन सरकारी टेलिभिजनले प्रसारण गरेको फुटेजमा सम्पूर्ण भवनमै आगोमा परेको देखिन्छ। ट्विट गर्दै ब्राजिलका राष्ट्रपति मिचेल टेमरले इतिहासमै ब्रजिलियनका लागि सबैभन्दा दुःखद रहेको तथा २ सय वर्षको ज्ञान र अनुसन्धान यस आगलागीमा नष्ट भएको उल्लेख गरेका छन्।

रियो अग्नि नियन्त्रण विभागका प्रवक्ताले संग्रहालय नजिकका हाइड्रान्टले काम नगरेकाले अग्नि नियन्त्रकले नजिकको तालबाट पानी ओसार्नुपरेको एसोसियटेड प्रेस एजेन्सीलाई जानकारी दिएका छन्। सोमबार बिहान बल्ल आगो नियन्त्रणमा लिइएको र संग्रहालयका केही महत्त्वपूर्ण वस्तु बचाउन सकिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

# अफ्रिकामा हात्तीको अवैध शिकार ह्वात्तै बढ्यो

बोत्स्वाना, (एजेन्सी)

बोतस्वानाको लोकप्रिय वन्यजन्तु आरक्षण नजिक झन्डै ९० वटा हात्तीको सिनो फेला परेको जनावर संरक्षणविद्हरुले स्थानीय सञ्चारमाध्यमलाई जानकारी दिएका छन्। उक्त क्षेत्रको हवाई सर्भेक्षण गरिरहेका इलेफेन्टस थिवाउट बोर्डर्सले अफ्रिकामा हात्तीको अवैध शिकारको क्रम बढिरहेको जनाएको छ।

यस घटनना घट्नु र बोतस्वानाका अवैध शिकार रोक्ने सुरक्षकर्मीलाई नि:शस्त्र पार्ने काम अघि बढ्नु संयोगका रूपमा देखिएको छ। बोत्स्वाना विश्वकै सबैभन्दा बढी संख्यामा हात्ती रहेको राष्ट्रका रूपमा चिनिन्छ।

तर, यहाँ सीमापारिबाट आएर हात्तीको शिकार गर्ने क्रम पनि त्यसरी नै बढिरहेको छ। व्यापकरूपमा वन्युजन्तु सर्भेक्षण अभियानमा जुटिरहेका वैज्ञानिहकहरुले केही साताअघि मात्र महँगो दाह्राका लागि ८७ वटा हात्ती मारिएको फेला पारिएको बताएका छन्। तिनीहरुले तीन महिनाको अवधिभित्र अवैध ढंगले ५ वटा सेता गैंडाको पनि शिकार गरिएको भेटिएको बताएका छन्।

इलेफेन्ट्स विथाउट बोर्डर्सका डाक्टर माइ चेजले भनेका छन्- 'हात्ती मारिएको देखेर म निकै आश्चर्यचकित र स्तब्ध भएको छु। अफ्रिकामा अहिलेसम्ममै देखेका र सुनेका तुलना यहाँ ठूलो परिमाणमा हात्ती मार्ने काम भइरहेको छ। मैले सन् २०१५ सर्भेक्षण र अनुसनधान शुरू गर्दाको तुलनामा अहिले हात्ती शिकार दोब्बर भएको छ।'



# समलिङ्गी महिलालाई बेत प्रहार

क्वालालम्पुर, (एजेन्सी)

मलेसियाको धार्मिक अदालतले एक गाडीमा समलिङ्गी यौन सम्पर्क गर्ने प्रयास गरेकोमा दोषी ठहऱ्याइएका दुई महिला सजाय स्वरूप बेतले पिटिएका छन्। २२ र ३२ वर्षीय दुई मुस्लिम महिलालाई त्रिङ्गानु राज्यको सरिया उच्च अदालतमा ६ पटक छडीले पिटिएको हो।

त्रिङ्गानुमा समलिङ्गी सेक्सलाई लिएर पहिलोपटक कसैलाई दोषी ठहऱ्याइएको र सार्वजनिकरूपमा छडी पनि पहिलोपटक नै पिटिएको अधिकारीहरूले बताए।

मानव अधिकार कार्यकर्ताले अदालतको उक्त फैसलामा कडा प्रतिक्रिया दिएका छन्। मलेसियामा समलिङ्गी गतिविधि धार्मिक तथा धर्मनिरपेक्ष कानुन दुवैमा प्रतिबन्धित छ। ती दुई महिलालाई बेतले हिर्काइरहँदा करिब सय जना उपस्थित रहेको स्थानीय सञ्चारमाध्यम द स्टारले जनाएको छ।

मलेसियाली महिला अधिकारवादी सगंठनहरूले यसलाई मानव अधिकारको उलंघन भएको रोयटर्सलाई बताएका छन्। त्रिङ्गानु राज्यका कार्यकारी परिषद्का एक सदस्य सतिफल बहरी ममटले उक्त फैसलाको पक्षमा बयान जारी गरेका छन्- 'दोषीलाई प्रताडित र चोट पुऱ्याउने मनसाय नभएको र यसबाट उनीहरुलाई पाठ सिकाउन खोजिएको हो।' ती दुई महिलाको पहिचान सार्वजनिक गरिएको छैन। ती दुवैलाई यसै वर्ष अप्रिलको शुरूआतमा पक्राउ गरिएको थियो। विगत महिना दुवैलाई गाडीमा समलिङ्गी यौन सम्पर्क राख्ने प्रयासमा सजाय सुनाइएको थियो। उनीहरुलाई आर्थिक जरिवाना पनि लगाइएको छ।

मलेसियाको ओमन एड अर्गनाइजेसन संगठनले दुई वयश्कको सहमतिमा हुने यौन गतिविधिलाई अपराधको दायरामा ल्याउन नहुने जनाएको छ। कोर्रा लगाउने सजाय इस्लामिक कानुनअन्तर्गत लगाइएको हो र यस्तो प्रावधानका नागरिक कानुनमा नभएको द स्टारले उल्लेख गरेको छ। मलेसियाको उदार मुस्लिम बहुल देशका रूपमा चिनिन्छ। तर, हालैका वर्षमा यहाँ धार्मिक गोलबन्दी बढिरहेको छ।



यसै महिनाको शुरूआतमा एक मन्त्रीले सार्वजनिक प्रदर्शनीहरुबाट एलजीबीटीसँग सम्बन्धित सामग्री हटाउन आदेश दिएका थिए। मलेसियामा दुई प्रकारको कानुनी प्रणाली छ, एक सरिया कानुन र अर्को नागरिक कानुन।

# हिटरलको अन्तरंग सम्बन्धको खुलासा



बलिन, (एजेन्सी)

दोस्रो विश्व युद्ध अन्त्य भएको करिब ७ दशक बितिसकेको छ र त्यसका खलनायक जर्मन तानाशाह हिटलरको मृत्यु भएको पनि त्यति नै समय भइसकेको छ। यद्यपि हिटलरका विषयमा नयाँ खुलासा तथा रोचक तथ्य बाहिर आउने क्रम भने रोकेको छैन।

जर्मन तानासाह हिटलरको जिन्दगीमा कयौं महिलासँगको सम्बन्धमा चर्चा हुने गरेको छ र उनीहरुको प्रेम सम्बन्धमा पनि धेरै लेखिएका छन्। यसै क्रममा डेली मेलमा प्रकाशित एक समाचारमा हिटलरकी मन पर्ने अभिनेतृ मागडाका बारेमा उनकी छोरी रोमी सनाइडरले गरेको दाबी उल्लेख गरेको छ। हिटलरले उनकी जर्म आमा मागडासँग शारीरिक सम्बन्ध राखेको उनको दाबी थियो। मागडा र हिटलरको प्रेम सम्बन्ध एक समय अखबारहरु तथा पत्रिकामा चर्चा हुने गरेको थियो। मागडा आफ्नो समयको चर्चित अभिनेतृ थिइन्।

अस्ट्रियन अभिनेतृ रोमीले हिटलर र आफ्नी जर्मनी आमा सँगै सुतेको र यौन सम्पर्क राखेको यकिन भएको बताएकी थिइन्। उनले भनिन्- 'अस्ट्रियामा पहाडको बीच हाम्रो निवास स्थान एक-अर्काको अत्यन्तै नजिक थिए।' सन् १८८२ मा मात्र ४४ वर्षको उमेरमा रोमी सनाइडरको मृत्यु भएको थियो। उनले सन् १९७६ मा एक अन्तरवार्तामा उक्त सनसनीपूर्ण दाबी गरेकी थिइन्। यद्यपि उक्त अन्तरवार्ता कहिल्यै प्रकाशित गरिएको थिएन।

जर्मनीका पत्रकार एलिस सवारजरले अब सेप्टेम्बरमा उक्त विवादित अन्तरवार्ता प्रकाशन गर्ने भएको छ। मागडाकी छोरीलाई के यकिन थियो भने, उनकी आमा र हिटलरबीच शारीरिक सम्बन्ध थियो। मागडाले सन् १९४५ मा आफ्नी पतिसँग सम्बन्ध विच्छेद गरेकी थिइन्। मागडाका पतिसँग पनि हिटलरको राम्रो सम्बन्ध रहेको र उनीहरुबीच कयौंपटक भेटघाट पनि हुने गर्थ्यो।

# प्रेमिका मार्नेलाई जेल चलान

बर्लिन, (एजेन्सी)

जर्मनीको एउटा अदालतले आफ्नी १५ वर्षीया पूर्वप्रमिकाको हत्या गरेको अभियोगमा एक आप्रबासीलाई सोमबार साढे ८ वर्ष लामो कारावास सजाय सुनाएको छ।

अफगान नागरिक अब्दुल डीले दक्षिणपश्चिमी जर्मन शहर कान्डेलमा गत डिसेम्बरमा मिया भी नामक ती किशोरीलाई छुरा प्रहार गरी हत्या गरेको कबुल गरेका छन्। उनले अदालतसमक्ष बयान दिने क्रममा जर्मन नागरिक मियाले आफूसँगको सम्बन्ध तोडेको रिस र ईर्ष्याका कारण सो अपराध गरेको बताएका छन्।

यस हत्याकाण्डका कारण जर्मनीमा ठूलो सनसनी मच्चिएको थियो। यस घटनालाई लिएर कट्टर दक्षिणपन्थीले आफ्नो आप्रवासीविरुद्धको अभियानलाई अझै सशक्त रूप दिएका थिए।

उक्त अभियानलाई पूर्वी शहर चेम्नित्जमा एक ३५ वर्षीय पुरुषलाई छुरा प्रहार गरी हत्या गरिएको घटनाले थप बल पुगेको थियो। उक्त हत्याकाण्डलाई लिएर सिरिया र इराकबाट दुई पुरुषलाई गिरफ्तार गरिएको थियो।

शनिबार यी घटनालाई लिएर कान्देलर र चेम्नित्जमा आप्रवासीविरुद्ध व्यापक विरोध प्रदर्शन भएको थियो। हत्यारालाई मियाले आफू पढ्ने विद्यालयमा भेटेका थिए। तिनीहरु बीच लामो समयदेखि रोमान्स चल्दै आएको थियो। २७ डिसेम्बरमा एउटा पसलबाहिर मियामाथि ७ पटक छुरा प्रहार भएको थियो।



ऊर्जाको विषयमा भारत र बंगलादेशसँग सम्झौता भइसकेको बताउँदै ओलीले आगामी दिनमा अन्य मुलुक हुँदै थाइल्यान्डसम्म विद्युत् निर्यात गर्ने बाटो खुला भएको बताउनुभयो।

# दोलखा मालपोतमा अनलाइन सेवा

चिरञ्जीवी मास्के, दोलखा



दोलखाको मालपोत कार्यालयमा सोमबार ११ बजेतिर भेटिएका बैतेश्वर गाउँपालिका वडा नम्बर ३ मिर्गेका आदित्य तामाङ निकै खुसी र उत्साहित देखिएका थिए। कार्यालयले सोमबारबाट शुरू गरेको अनलाइन सेवाको पहिलो सेवाग्राही बनेका तमाङले आधुनिक प्रविधिबाट पुर्जा पाउने पहिलो सेवाग्राही बन्न पाएकामा खुसी लागेको प्रतिक्रिया दिएका छन्।

आधुनिक प्रविधिको प्रयोग गरेर सेवा प्रदान गर्नु पक्कै पनि सुखद कुरा हो तमाङले भने- 'तर यसको विश्वसनीयता र निरन्तरता कत्तिको हुन्छ त्यसले यसको प्रभावकारीता निर्धारण गर्ने छ।

अनलाईन सेवाको शुभारम्भ गर्न दोलखा आएका भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक मुक्तिप्रसाद आचार्यले मालपोत कार्यालयलाई विस्तार गरी स्थानीय तहमा हस्तान्तरण गर्ने पूर्वाधारको रूपमा अनलाईन सेवा शुरू गरिएको उल्लेख गर्दै यदाकदा यसमा सामान्य समस्या देखिए पनि यसको विश्वसनीयतामा प्रश्न उठ्ने ठाँउ नरहने प्रतिबद्धता जनाए। अनलाइन सेवाको डाटा सिंहदरबारमा रहने भएकाले त्यसको दुरूपयोग नहुने उल्लेख गर्दै महानिर्देशक आचार्यले यो भरपर्दो र विश्वसनीय सेवा भएको पनि बताए।

कार्यक्रममा सहभागि भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसीले विद्युत् र इन्टरनेटको समस्या भएको बेला सेवाग्रहीले कसरी सेवा लिन सक्छन् भन्ने जिज्ञासा राखेका थिए। महानिर्देशक आचार्यले प्राविधक समस्या भएको बेला सेवाग्राहीले केही समय प्रतिक्षा गर्नु उपयुक्त हुने बताए। तर विद्युत् र इन्टरनेटको समस्या लामो समय रहने अवस्थामा पुरानै तरिकाबाट समेत सेवा दिन सकिने आचार्यको भनाइ छ।

दोलखा मालपोत कार्यालयमा पुर्जा बनाउने, जग्गा रोक्का, नामसारी, जग्गा दर्तालगायतका सेवाका लागि दैनिक २ सयको हाराहारीमा सेवाग्राही आउने गरेको र अनलाइन सेवाले कामलाई चुस्त र विश्वसनीय बनाउने कार्यालयका शाखा अधिकृत अर्जुन पोखरेल बताउँछन्। 'अनलाइन सेवाबाट काम गर्दा केही ढिला पक्कै हुनेछ तर काम भने विश्वसनीय हुन्छ' -शाखा अधिकृत पोखरेलले भने। अनलाइन सेवा शुरू भएपछि अब कोही कसैले बदमासी गर्न खोजे पनि त्यो सम्भव नहुने पोखरेलको भनाइ छ।

नेपालका ७७ जिल्लामध्ये ३० औं जिल्लाका रूपमा दोलखा मालपोत कार्यालयले अनलाइन सेवा शुरू गरेको र यसका लागि केही कर्मचारीले विशेष प्रशिक्षणसमेत लिएको कार्यालयका नायब सुब्बा मुरारी दुलालले बताए। अनलाइन सेवा शुरू भएपछि केही प्राविधिक कर्मचारी भने आवश्यक हुने दुलाल बताउँछन्।

मालपोत अधिकृत गोविन्दप्रसाद अधिकारीको सभापतित्वमा भएको अनलाइन सेवा शुभारम्भ कार्यक्रममा जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डे, प्रमुख जिल्ला अधिकारी सागरमणि पाठकलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# 'बिमस्टेकले नेपालको अन्तर्राष्ट्रिय पहिचान बढायो'

नेपाल समाचारपत्र

काठमाडौं

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो शिखर सम्मेलन सफलतापूर्वक सम्पन्न भएसँगै अन्तर्राष्ट्रिय जगत्मा नेपालको पहिचान बढेको सरकारको दाबी छ।

छोटो समयको तयारी र मध्य मनसुनको समयमा पनि सम्मेलनको तयारीमा कुनै त्रुटि नभएको, विशिष्ट पाहुनाको स्वागत सत्कारमा समेत कमी कमजोरी नभएको सरकारको ठहर छ। बिमस्टेक सम्मेलनका लागि गठित राष्ट्रिय मूल समितिको बैठकमा बोल्दै प्रधानमन्त्री केपी शर्मा ओलीले चौथो सम्मेलनले क्षेत्रीय सहकार्यमा उर्जाशील सन्देश दिएको बताउनुभयो। 'सम्मेलन आयोजना र निर्णय दुवै दृष्टिले फलदायी भएको छ, नेपालमा उत्पादित विद्युत् अन्य देशलाई बिक्री गर्ने महत्त्वपूर्ण निर्णय भएको छ' -उहाँले भन्नुभयो।

ऊर्जाको विषयमा भारत र बंगलादेशसँग सम्झौता भइसकेको बताउँदै ओलीले आगामी दिनमा अन्य मुलुक हुँदै थाइल्यान्डसम्म विद्युत् निर्यात गर्ने बाटो खुला भएको बताउनुभयो।

नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर महत्त्वपूर्ण छलफल गर्दै बिमस्टेक सम्मेलनले काठमाडौं घोषणापत्र जारी गरेको उहाँको भनाइ थियो। सम्मेलनले पारित गरेका निर्णय कार्यान्वयन गर्न सदस्य मुलुकबीच सहकार्य अपरिहार्य रहेको बताउँदै नेपालको उत्तरदायित्वसँग जोडिएका विषय छिटै कार्यान्वयन गर्न ओलीले कर्मचारीलाई निर्देशन दिनुभयो।

बिमस्टेक सम्मेलन सफलतापूर्वक सम्पन्न भएसँगै लामो समयदेखि अवरुद्ध बनेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का गतिविधि छिटै सुचारु हुने उहाँले दाबी गर्नुभयो। सार्क अध्यक्ष राष्ट्र नेपालले यसका लागि महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो- 'नेपालले बिमस्टेकलाई मात्रै अघि बढाउन चाहेको होइन, सार्कपछि अब छिटै अघि बढ्छ।' सार्क र बिमस्टेकका आ-आफ्नै आयाम र प्राथमिकता क्षेत्र भएकाले एकको विकल्प अर्को हुन नसक्ने बताउनुभयो।

समितिको अन्तिम बैठकमा बिमस्टेक सम्मेलनको जिम्मेवारी निर्वाह गरेका मन्त्रालयका मन्त्री, उच्च अधिकारी र सबै सुरक्षा निकायका अधिकारी उपस्थित थिए।

# सिंहदरबार पश्चिम भागको पुनर्निर्माण गर्छौं : ज्ञवाली

नेपाल समाचारपत्र

काठमाडौं



राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले पुरातात्विक र ऐतिहासिक महत्त्व जोगाएर सिंहदरबारको पश्चिम भागको पुनर्निर्माण गर्ने बताउनुभएको छ।

सोमबार सिंहदरबारको पश्चिम भागको निरीक्षणपछि कुरा गर्दै ज्ञवालीले भन्नुभयो- 'पुरातात्विक महत्त्वका सम्पदाहरू जोगाएर पुनर्निर्माण गर्ने कुरालाई प्राधिकरणले प्राथमिकता दिएर काम गर्छ।' सिंहदरबारको पश्चिम भागलाई के गर्ने भन्नेबारे अध्ययन जारी रहेको छ। अध्ययन गर्ने जिम्मेवारी लिएको कन्सलट्यान्ट फर्मलाई शीघ्र प्रतिवेदन बुझाउन निर्देशन दिएको जानकारी दिँदै प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले भन्नुभयो- 'प्रतिवेदन प्राप्त भएको अर्को हप्ता निर्णय गर्छौं र सिंहदरबार पुनर्निर्माणलाई अघि बढाउँछौं।'

भूकम्पबाट बढी क्षति पुगेको पश्चिमी भागलाई भत्काएर बनाउने कि प्रबलीकरण गर्ने भनेर स्पष्ट नभएकाले त्यसको अध्ययन गर्न इन्फ्रास्टक्चर इन्जिनियरिङ रिसर्च एन्ड कन्सलट्यान्ट प्रालिलाई जिम्मा दिइएको छ।

सिंहदरबारको पश्चिम खण्ड राणा प्रधानमन्त्री चन्द्र शमशेर जबराको पालामा निर्मित सिंहदरबारको विसं २०३० को आगलागीबाट बचेको मौलिक भाग हो। उक्त आगलागीबाट उत्तर, पूर्व र दक्षिण भाग जलेर नष्ट भएको थियो जसको पछि पुनर्निर्माण गरियो।

निरीक्षणमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी सदस्य धुव्र शर्मा, डा. हरिराम पराजुली, सहसचिव राजुमान मानन्धरलगायत हुनुहुन्थ्यो।

उत्तर, पूर्व र दक्षिण प्रबलीकरण जारी

विसं २०३० मा आगलागीबाट नष्ट भई पछि पुनर्निर्माण भएको सिंहदरबारको उत्तर, पूर्व र दक्षिण भागको भने प्रबलीकरण शुरू भइसकेको छ। शर्मा एन्ड न्यु टेक्निकल जेभीले प्रबलीकरण शुरू गरेको करिब ३ महिना भएको छ। २४ करोड रूपियाँको लागतमा प्रबलीकरण कार्य १८ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य छ।

# रजिस्ट्रार थापाको राजीनामा स्वीकृत

काभ्रे, (नेस)

काठमाडौं विश्वविद्यालय (केयू) का रजिस्ट्रार डा. भोला थापाले यही भाद्र ७ गते उपकुलपति प्राडा रामकण्ठ माकजुसमक्ष दिनुभएको राजीनामा आइतबार कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलीले स्वीकृत गर्नुभएको स्रोतले जनाएको छ।

भाद्र ७ गते बसेको विश्वविद्यालयको कार्यकारी परिषद् बैठकमै उपकुलपति माकजु र रजिस्ट्रार थापाबीच असमझदारीको स्थिति सृजना भएलगत्तै थापाले राजिनामा दिएर बाहिरिनुभएको थियो।

कानुन संकायका डीन डा. विपिन अधिकारीको प्रोफेसरमा बढुवा गर्ने विषय रजिस्ट्रार थापाले अघि सार्नुभएको र उपकुलपति माकजुले प्रक्रिया पूरा भइनसकेको भनेर लगत्तै उहाँहरूबीच असमझदारीको स्थिति सृजना भएको थियो। कानुन संकायको डीनका लागि आवेदन खुल्ला गरिएकामा डा. विपिनको मात्र परेको र उहाँलाई नै उक्त पदमा नियुक्त गर्न प्रक्रिया नपुगेको भनी रोकिएको थियो।

डा. माकजुले उपकुलपतिको दोस्रो कार्यकाल सम्हाल्नुभएको हो भने रजिस्ट्रार थापा पनि दोस्रो कार्यकालका लागि १ वर्ष अघि उपकुलपति डा. माकजुकै सिफारिसमा रजिस्ट्रार नियुक्त हुनुभएको हो। पछिल्लो समय देखा परेको भनाभनको स्थिति पूर्वयोजनाअनुरूप नभई तत्कालीन भएको स्रोतको दाबी छ।

उहाँहरूका बीच भनाभन भएको अवस्थामा केयुमा कार्यकारी परिषद् बैठक भर्खरै शुरू भएको थियो। उक्त बैठकमा उपकुलपति, रजिस्ट्रार, डा. विपिन, विभिन्न संकायका डीनहरू, शिक्षक प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो। बैठकमा डा. विपीन पनि रहनुभएको र उहाँकै नामसँग जोडिएर उपकुलपति र रजिस्ट्रारका बीच भनाभनको स्थिति सृजना हुनासाथ उहाँ तत्काल बैठकबाट बाहिरिनुभएको स्रोतले जनाएको छ।

डा. थापाले दिनुभएको राजिनामा स्वीकृतिका लागि प्रक्रियामा अघि बढाउन ७ गते नै कुलपति तथा प्रधानमन्त्रीसमक्ष पेस गरिएको थियो। बिमस्टेक सम्मेलनका कारण राजिनामा स्वीकृतिमा ढिलाइ भएको स्रोतले जनाएको छ।

राजीनामा दिएपछि स्वीकृति हुने पक्का भएकाले डा. थापाले पनि आफुले राजिनामा दिएलगत्तै काठमाडौं विश्वविद्यालय कार्यकारी परिषद्मा रहेका सबै पदाधिकारीलाई आफू रजिस्ट्रार रहुन्जेल सहयोग पुर्‍याउनुभएकामा इमेलमार्फत धन्यवाद दिनुभएको थियो। यस बीचमा डा. थापा केयुमा आएर पनि आफ्नो राजिनामा स्वीकृत नभएसम्म आफूले सम्हाल्दै आएका जिम्मेवारी सम्हाल्नुभएको स्रोतले जनाएको छ।

नयाँ रजिस्ट्रार ल्याउने सन्दर्भमा विश्वविद्यालय भित्रैका सिनियर डीनबाट छनोट गर्न आन्तरिक छलफल शुरू भइसकेको बुझिएको छ। यसै बिषयमा छलफलका लागि उपकुलपति र कुलपतिको छिट्टै नै भेटघाटको समय तय भइसकेको पनि स्रोतले जनाएको छ।

# मलेसियामा पनि गौरा पर्व मनाइयो

बैतडी, (नेस)

रोजगारीका लागि मलेसियामा रहेका सुदूरपश्चिमेली नागरिकले आज गौरा पर्व धुमधामका साथ मनाएका छन्।

केही वर्षदेखि निरन्तर रूपमा मनाउँदै आएका सुदूरपश्चिमेली नेपाली समाज मलेसियाले यसवर्ष पनि गौरा पर्व धुमधामका साथ सम्पन्न गरेको हो।

मलेसियाको जोहोरबारुस्थित होटल श्री मलेसियाको सभाहलमा एक भव्य कार्यक्रमका बीच गौरा पर्व सम्पन्न भएको त्यहाँबाट प्रकाशदेव भट्टले जानकारी दिए। सुप नेपाली समाज मलेसियाको केन्द्रीय कमिटि र जोहोर राज्य समितिको संयुक्त आयोजनामा सम्पन्न भएको कार्यक्रममा नेपालबाट आएका डेउडा सम्राट नन्दकृष्ण जोशीसँगै दर्जनौं स्थानीय कलाकारले आफ्नो प्रस्तुति राखेका थिए।

कार्यक्रमको उद्घाटन गौरादेवीको पूजाआराधना गरी सुरुआत गरिएको थियो। सुदूरपश्चिमका चेलीहरूले चलनचल्तीमा रहेको रीतिअनुसार गौरादेवीको डालो शीरमा राख्दै भित्र्याएका थिए भने त्यसमा सम्पूर्ण नेपाली दाजुभाइले गौरा गीत गाउँदै गौरा भित्र्याउनमा साथ दिएका थिए। दिनभरि चलेको कार्यक्रम डेउडामय बनेको थियो।

समाजका केन्द्रीय अध्यक्ष समीर मल्लको अध्यक्षतामा भएको कार्यक्रममा सुप सेवा समाजका सल्लाहकार एवं नेपाली राजदूताबासका एडमिन कर्मचारी टेकबहादुर बुढा विशिष्ट अतिथि रहेका थिए। यसै गरी विशिष्ट अतिथिमा नेपाली समाजका दक्षिण एसिया संयोजक ज्ञानेन्द्र सिंह, एनआरएनए मलेसियाका कार्यबाहक अध्यक्ष तथा समाजका सल्लाहकार टेकराज धित्त, एनआरएनए सिंगापुरका प्रतिनिधि विश्व गिरी, नेपाली कांग्रेस जनसम्पर्क समिति मलेसियाका सभापति चोलाकान्त पंगेनीलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा डेउडा सम्राट नन्दकृष्ण जोशीले विदेशमा पनि सुदूरपश्चिमको कला, संस्कृति जोगाउने उद्देश्यले गौरा पर्व मनाएको देख्दा निकै खुसी लागेको बताए। कार्यक्रममा विदेशमा बसेर नेपाली र नेपाललाई चिनाउन सफल भएका कलाकार, खेलाडी, समाजसेवीलाई सम्मान गरिएको थियो।

# फेवातालबाट आठको उद्धार

पोखरा, (नेस)

फेवातालमा एक्कासी परेको पानी तथा हावाहुरीको कारण तालको बीच भागमा अलपत्र परेका ८ जना पर्यटकलाई एपीएफ टोलीले साँझ सकुशल उद्धार गरेको छ।

सोको जानकारी प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल गण हेडक्वाटर कास्की नम्बर २४ गणबाट फेवाताल रेस्क्यु टावरमा खटिएको एपीएफ टोलीले उनीहरूको उद्धार गरेको हो।

तालमा बोटिङ गर्ने क्रममा एक्कासी आएको पानी तथा हावाहुरीका कारण चिनियाँ नागरिक जोन लिबाङ खाथ्याङ, बिन्जिन खाथ्याङ र भारतीय नागरिक श्रीनाथ यादव, उमेश यादव, सुरेन्द्र जैसवाल, महेन्द्र अग्रवाल, गुडडु जैसवाल र चाँदनी जैसवाललाई सशस्त्र प्रहरी सहायक निरीक्षक दीपक सिग्देलको कमाण्डमा खटिएको एपीएफ टोलीले मोटरबोट र थ्रो ब्यागको सहायताले तालबाट तत्कालै उद्धार गरेको हो।

## अवकाश...

त्यस्तै राजपत्रांकित द्वितीय श्रेणी 'उपसचिव' र प्रथम श्रेणी 'सहसचिव' को खुला प्रतियोगिताद्वारा पदपूर्ति नहुने भएको छ। अन्तरसेवा प्रतियोगिता २०, आन्तरिक प्रतियोगिता १० र ज्येष्ठताद्वारा ७० प्रतिशत कायम गरिएको छ। प्रदेश र स्थानीय तहका कर्मचारीले संघीय निजामती सेवामा प्रतिस्पर्धा गर्न पाउने व्यवस्था पनि मस्यौदामा रहेको छ। यसरी प्रतिस्पर्धा गर्दा उमेर हदबन्दी नलाग्ने र समान पदमा समेत प्रतिस्पर्धा गर्न पाउनेछन्।

यसैबीच विभिन्न निजामती कर्मचारी संगठनले ऐनमा विभिन्न प्रावधान लिएर असन्तुष्टि र विरोध गरिररहेका छन्।

## शुरू...

त्यस्तै बुधबार गृह, कृषि तथा पशुपंक्षी विकास, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, वन तथा वातावरण र अर्थ, बिहीबार परराष्ट्र, सहरी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र युवा तथा खेलकुद र शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा, सञ्चार तथा सूचना प्रविधि, खानेपानी र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका लागि समय छुट्याइएको छ। अहिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित २२ मन्त्रालय रहेका छन्। प्रधानमन्त्रीसँग पनि महिनामा २ दिन प्रश्नोत्तर गर्ने प्रतिनिधिसभा नियमावली, २०७५ मा उल्लेख छ तर यो व्यवस्था शुरू भएको छैन।

## फोहोर...

निजी फोहोरमैला व्यवस्थापन संघका अध्यक्ष वासु उप्रेतीले भने फोहोर व्यवस्थापनको जिम्मा निजीलाई नदिए कामपालाई मात्र गाह्रो हुने जिकिर गर्दै भन्नुभयो- 'लगानी बोर्डले गरेको निर्णय चाँडै नै कार्यान्वयन गर्नुको विकल्प छैन, निजीलाई दोष दिएर समस्य सुल्झिदैन।'

नेपाल सफाइ कर्मचारी युनियनका अध्यक्ष मचाबाबु महर्जनले विभागले समयमै बाटोको व्यवस्थापन नगर्दा समस्या परेको बताउनुभयो।

# सरकार–स्वास्थ्यकर्मी वार्ता जारी

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल चिकित्सक संघबीच सोमबार रातिसम्म वार्ता जारी रहे पनि बिना निष्कर्ष टुङ्गिएको छ। सोमबार दिनभरि स्वास्थ्य मन्त्रालयमा भएको वार्ता यो समाचार तयार पार्दासम्म जारी नै थियो।

यही भदौ १ गतेदेखि जारी भएको मुलुकी ऐनमा चिकित्सकप्रति लक्षित शब्द संशोधन गरिनुपर्ने मागसहित चिकित्सकहरू आकस्मिकबाहेकका सेवा रोकी दुई दिनदेखि आन्दोलनमा उत्रेका छन्। आइतबार पनि सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित अस्पतालका सेवा ठप्प पारिएको थियो। स्वास्थ्यमन्त्री उपेन्द्र यादव र स्वास्थ्य सचिव डा. पुष्पा चौधरी विश्व स्वास्थ्य संगठनको क्षेत्रीय सम्मेलनमा भाग लिन आइतबार भारतको नयाँ दिल्ली जानुभएको छ। उहाँहरू शुक्रबार मात्र फर्कने बताइएको छ।

सोमबार स्वास्थ्य राज्यमन्त्री सुरेन्द्रकुमार यादव नेतृत्वको सरकारी टोलीसँग संघका प्रतिनिधिले मुलुकी अपराध संहिता ऐनको चिकित्सासम्बन्धी प्रावधान खारेज गर्नुपर्ने अडान राखेका थिए। वार्तामा राज्यमन्त्री यादव, निमित्त स्वास्थ्य सचिव डा. सुशीलनाथ प्याकुरेल, डा. दीपेन्द्ररमण सिंह, स्वास्थ्यमन्त्रीका सल्लाहकार डा. केके राई, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. गुणराज लोहनी सहभागी हुनुहुन्थ्यो। यस्तै संघका तर्फबाट अध्यक्ष डा. मुक्तिराम श्रेष्ठ, महासचिव, डा. लोचन कार्की, डा. विश्वराज दवाडी, डा. प्रकाश बुढाथोकीको सहभागिता रहेको थियो। काउन्सिलका तर्फबाट रजिस्ट्रार डा. दिलिप शर्मा र डा. कृष्ण अधिकारी, डा. कालुसिंह खत्री पनि वार्तामा सहभागी हुनुहुन्थ्यो। संघले माग पूरा नभएसम्म आन्दोलन गर्ने बताएको छ।

# 'नेपाललाई २४ घन्टाभित्र उपस्थित गराऊ'

काठमाडौं, (नेस)

बिमस्टेक सम्मेलनका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणलाई लक्षित गरी कालो झण्डा देखाउन खोज्ने ग्रेटर नेपाल अभियानका अध्यक्ष फणिन्द्र नेपाललाई २४ घन्टाभित्र उपस्थित गराउन सर्वोच्च अदालतले आदेश दिएको छ। अधिवक्ता सुजित केसीले नेपालको पक्राउ गैरकानुनी भएको दाबीसहित प्रत्यक्षीकरणको निवेदन दायर गराउनुभएको थियो।

उक्त निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीश आनन्दमोहन भट्टराईको इजलाशले सोमबार सर्वोच्च झिकाउन आदेश दिएको हो। गत बिहीबार भारतीय प्रधानमन्त्री मोदीको सवारीका बेला कालो झण्डा देखाउन सक्ने आशंकामा प्रहरीले नेपाललाई चावहिलबाट पक्राउ गरेको थियो।

# अर्थ

२० जना कर अधिकृत, ८ जना प्रमुख कर अधिकृत र सहचिव तहको प्रमुख कर प्रशासकलगायत ७७ जनाको दरबन्दी रहेको उक्त कार्यालयमा कर्मचारी नियुक्तिको प्रक्रिया भने टुंगिसकेको छैन।

2018, SEP
Tuesday
4







**मेधा** बचत तथा ऋण सहकारी संस्था लि.
Medha Saving and Credit Cooperatives Ltd.

**साधारण सभा सम्बन्धी सूचना**

मेधा बचत तथा ऋण सहकारी संस्था लिको पाँचौं वार्षिक साधारण सभा मिति २०७५ असार १३ गते शनिबारका दिन ग्लेन बडेस स्कूल प्राङ्गण (कान्ति हस्पिटल पछाडि) मा दिनको २:०० बजे हुने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई उपस्थितिका लागि अनुरोध छ।

(विस्तृत जानकारी संस्थाको सूचना पाटीमा टाँस गरिएको छ।)

# ८० करोडसम्मको कारोबार गर्ने ८ सयभन्दा बढी

**नेपाल समाचारपत्र**
काठमाडौं

मध्यमस्तरीय करदाताको संख्या ८ सय ३३ पहिचान भएको छ। ४० करोडदेखि ८० करोड रुपियाँसम्म वार्षिक कारोबार गर्ने संघसंस्था तथा ट्राभल एन्ड ट्रेकिङ कम्पनी, बैंक तथा वित्तीय संस्था र ठेक्का व्यवसायीको हकमा २५ करोड रुपियाँदेखि ८० करोड रुपियाँसम्मका करदाता मध्यमस्तरीय करदाता सेवा कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्।

कार्यालयका सहायक कर प्रशासक युवराज श्रेष्ठका अनुसार यहि महिनादेखि काम शुरू गरेको उक्त कार्यालयले आंशिक रुपमा सेवा दिन शुरू गरिसकेको छ। 'कार्यालय पूर्ण रुपमा सञ्चालनमा भने आइसकेको छैन। कार्यालयले अहिले करदातालाई सामान्य खालको सेवा दिइरहेको छ भने हामी तथ्यांक संकलन, विश्लेषण तथा त्यसको व्यवस्थापनका पक्षमा काम गरिरहेका छौं।' नेपाल समाचारपत्रसँग कुरा गर्दै श्रेष्ठले भन्नुभयो।

मध्यमस्तरीय करदाता सेवा कार्यालयबाट हाल कर प्रशासनका सबै काम भने शुरू भइसकेका छैनन्। कार्यालयको भौतिक संरचना निर्माण, पुराना फाइलको वर्गिकरणको काम, पुराना कागजातलाई डिजिटल प्रविधिमा भण्डारण गर्नेलगायतका काम चलिरहेका छन्। साबिकको आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नम्बर १, २ र ३ खारेज भएपछि ती कार्यालयका कागजी दस्तावेज काम लाग्ने र काम नलाग्ने गरी छुट्याउने काम चलिरहेको सहायक कर प्रशासक श्रेष्ठको भनाइ छ।

२० जना कर अधिकृत, ८ जना प्रमुख कर अधिकृत र सहचिव तहको प्रमुख कर प्रशासकलगायत ७७ जनाको दरबन्दी रहेको उक्त कार्यालयमा कर्मचारी नियुक्तिको प्रक्रिया भने टुंगिसकेको छैन। अहिले निकै कम जनशक्तिले मात्र काम गरिरहँदा कारदाताले राजस्व जम्मा गर्ने, कर चुक्ता प्रमाण लिने तथा बक्यौता करका बारे जानकारी लिने विषयमा समस्या देखिने गरेको छ। उक्त कार्यालयबाट देशैभरी रहेका मध्यमस्तरीय करदाताको पहिचानका लागि ११ जना कर अधिकृतलाई खटाइएको छ। ती अधिकारीले १५ दिनभित्रमा सबै सुचना संकलन गरी कार्यालयमा बुझाउने छन्।

ठूला करदाता सेवा कार्यालयमा करदाताको चाप बढेपछि दैनिक काम कारबाहीमा सहजता ल्याउनका लागि भन्दै मध्यमस्तरीय करदाता सेवा स्थापना गरिएको हो। सरकारले भदौ १ गतेदेखि साबिकको ठूला करदाता सेवा कार्यालय र अन्य क्षेत्रीय कार्यालयको अधिकारभित्र पर्ने करदाताको कारोबार हेर्न उक्त कार्यालय स्थापना गरेको थियो।

# नेप्सेमा दोहोरो अंकको वृद्धि

काठमाडौं, (नेस)

पछिल्लो समय नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा निरन्तर गिरावटको क्रम चलिरहेको भए पनि सोमबार भने शेयर बजारमा दोहोरो अंकको वृद्धि देखिएको छ।

सोमबारको कारोबारमा शेयर बजार १५ दशमलव ९८ अंकले बढेर १ हजार २ सय ६ दशमलव २६ अंकमा पुगेको छ। दिनभरीमा १ सय ६९ वटा कम्पनीको १८ लाख ९६ हजार ३ सय ५ कित्ता शेयर ५ हजार ९ सय ७१ पटक खरिद बिक्री हुँदा ५४ करोड ६० लाख २१ हजार ७ सय १९ रुपियाँ बराबरको कारोबार भएको छ।

सोमबार होटल र अन्य समूहको उपसुचक घटे पनि अन्य सबै समूहको उपसूचक बढेको छ। होटल र अन्य समूह भने क्रमशः २ दशमलव २६ र शून्य दशलमव ३ अंकले घटेका छन्। सोमबार सबैभन्दा धेरै निर्जीवन बीमा समूहको उपसूचक सबैभन्दा धेरै अर्थात ९६ दशमलव ६६ अंकले बढेको छ।

त्यसैगरी बैंकिङ समूहको उपसुचक १५ दशमलव ६९ अंक, विकास बैंक समूहको उपसूचक १२ दशमलव ७२ अंकले, जलविद्युत् समूहको उपसूचक १९ दशमलव ९८ अंक, वित्त समूहको उपसूचक ४ दशमलव ५ अंक, उत्पादनमूलक समूहको उपसूचक ९३ दशमलव २ अंक, लघुवित्त समूहको उपसूचक ३ दशमलव ३ र जीवन बीमा समूहको उपसुचक ७२ दशमलव ४२ अंकले बढेका छन्।

सोमबार सबैभन्दा धेरै नेपाल लाइफ इन्स्योरेन्सको ११ करोड २८ लाख रुपियाँ बराबरको शेयर कारोबार भएको छ। सबैभन्दा धेरै कमाउनेमा भने लक्ष्मी बैंकका लगानीकर्ताले प्रतिकित्ता ९ दशलव ९६ प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा धेरै गुमाउनेमा ङादी ग्रुप पावरका शेयरधनीले ७ दशमलव ९५ प्रतिशतका दरले गुमाएका छन्। सोमबार जम्मा १८ वटा कम्पनीका शेयरधनीले मात्र आफ्नो लगानी गुमाएका छन्।

# सिभिल बैंकद्वारा बीमा रकम भुक्तानी

काठमाडौं, (नेस)। सिभिल बैंकले निक्षेप सुविधामा उपलब्ध गराउँदै आएको निःशुल्क दुर्घटना/मृत्यु बीमा कार्यक्रमअन्तर्गत बुटवल निवासी निक्षेपकर्ता वंसराज थारुको दुर्घटनामा परी मृत्यु भएपश्चात बीमाको रकम मृतकका श्रीमती शान्तिदेवी थारुको नाममा बैंकले उपलब्ध गराएको छ। नारायणघाटमा आयोजित एक कार्यक्रमका बीच बैंकका चिफ बिजिनेस अफिसर सुजितकुमार शाक्यले १ लाख ७४ हजार २४० रुपियाँको चेक मृतककी छोरी निर्मला थारुलाई हस्तान्तरण गर्नुभयो।

निक्षेपकर्ताले सिभिल बैंकमा निक्षेप गर्दा ब्याजको अतिरिक्त प्राप्त हुने निःशुल्क दुर्घटना/मृत्यु बीमावापत प्राप्त हुने बीमाको रकमले मृतकको आश्रित परिवारलाई थोरै नै भए पनि राहत पुऱ्याउने बैंकका चिफ विजनेस अफिसर सुजितकुमार शाक्यले बताउनुभयो।




## PRESS RELEASE

### नबिल बैंकको शैक्षिक कर्जा अझ सहज



काठमाडौं, (नेस)

नबिल बैंकले उच्च शिक्षाको लागि विदेश जान चाहने विद्यार्थीका लागि प्रदान गरिने शैक्षिक कर्जाको प्रक्रियालाई अझै सहज बनाएको छ।

विद्यार्थीले सम्बन्धित कलेज/विश्वविद्यालयबाट भर्नाको लागि अफर-लेटर प्राप्त गर्नु अघि नै शैक्षिक कर्जाको लागि बैंकमा आवेदन गर्न सक्ने छन्। विद्यार्थीले प्रयासरत कलेज/विश्वविद्यालयको पाठ्यक्रम र त्यसको लागि लाग्ने अनुमानित खर्च प्रष्ट पार्ने कागजातसहित बैंकको कुनै पनि शाखामा सम्पर्क गर्न सक्नेछन्। जसबाट विद्यार्थीलाई एकातिर कर्जा प्रक्रियाको लागि पर्याप्त समय उपलब्ध हुनेछ भने सत्रमा देखिने चाप तथा छोटो समयमा प्रक्रिया पुऱ्याउनुपर्ने बाध्यताबाट विद्यार्थी मुक्त हुने बैंकले जनाएको छ ।

संशोधित शैक्षिक कर्जा प्रक्रियाको बारेमा जानकारी गराउनको लागि बैंकले विभिन्न शैक्षिक परामर्शदातासँग अन्तक्रिया गरेको थियो। उक्त अन्तर्क्रिया बैंकका अध्यक्ष शम्भु प्रसाद पौड्यालले उद्घाटन गर्नु भएको थियो। सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल केशरी शाहले विद्यार्थीको लागि अझ राम्रो सेवा प्रदान गर्ने उद्देश्यले शैक्षिक कर्जा प्रक्रिया सरल र सहज बनाइएको बताउनुभयो।

### बजाज बाइक खरिद गर्दा पाकेट फुल

काठमाडौं, (नेस)

हंसराज हुलास चन्द एन्ड कम्पनी बजाज अटोको नेपालका लागि आधिकारिक वितरक हो। उक्त कम्पनीले दशैं-तिहारको अवसरमा ग्राहकको पाकेट भर्नको लागि बजाज पाकेट फुल नामक ग्राहक योजना ल्याएको छ।

यो योजनामा बजाजको कुनै पनि मोटरसाइकल खरिद गर्दा एउटा स्क्र्याच कार्ड प्राप्त हुने प्रावधान छ। जसको एउटा भागमा स्क्र्याच गर्ने ठाउँ हुनेछ भने अर्को भागमा पाकेट फुल साप्ताहिक लक्की ड्र कुपन हुन्छ। स्क्र्याच कुपनबाट तत्काले ग्राहकले एक लाखसम्मको नगद छुट प्राप्त गर्न सक्नेछन्। यस योजना अवधिभर साप्ताहिक पाकेट फुल लक्की ड्र कुपनमध्येबाट हरेक हप्ता लक्की ड्र गरी एकजना विजेताको घोषणा गरिने कम्पनीले जनाएको छ। जसले पाकेट फुल कार्यक्रममा गई पाकेट फुल गर्ने मौका पाउने छन्।

साप्ताहिक पाकेट फुल कार्यक्रमको प्रसारण टेलिभिजनबाट गरिने तथा विजेताले तोकिएको समयभित्र बढीभन्दा बढी पैसा उल्लेख भएको कुपन समातेर आफ्नो पाकेट फुल गर्नुपर्नेछ, सोही कुपन बराबरको रकम विजेतालाई प्रदान गरिने कम्पनीले जनाएको छ।



## SHARE MARKET

**3 SEPTEMBER MONDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 15425.00 | 347.00 | 336.00 | 342.00 | 2.00 |
| 2 | Api Power Company Ltd. | 4745.00 | 261.00 | 254.00 | 260.00 | 4.00 |
| 3 | Arambha Mi. Bittiya Sanstha Ltd. | 2023.00 | 865.00 | 840.00 | 850.00 | 10.00 |
| 4 | Arun Kabeli Power Ltd. | 165.00 | 251.00 | 239.00 | 251.00 | 11.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 6710.00 | 136.00 | 131.00 | 134.00 | 4.00 |
| 6 | Asian Life Insurance Co. Limited | 3234.00 | 610.00 | 595.00 | 600.00 | 5.00 |
| 7 | Bank of Kathmandu Ltd. | 23008.00 | 305.00 | 297.00 | 302.00 | 5.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 890.00 | 137.00 | 131.00 | 134.00 | 2.00 |
| 9 | Best Finance Company Ltd. | 20.00 | 102.00 | 100.00 | 102.00 | 3.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 3072.00 | 132.00 | 127.00 | 127.00 | 1.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 30.00 | 6324.00 | 6300.00 | 6300.00 | 100.00 |
| 12 | Butwal Power Company Limited | 5003.00 | 442.00 | 433.00 | 442.00 | 5.00 |
| 13 | Central Finance Co. Ltd. | 8013.00 | 123.00 | 116.00 | 121.00 | 4.00 |
| 14 | Century Commercial Bank Ltd. | 29582.00 | 175.00 | 170.00 | 173.00 | 3.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 6389.00 | 924.00 | 900.00 | 910.00 | 20.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 44.00 | 121.00 | 121.00 | 121.00 | 1.00 |
| 17 | Chilime Hydropower Company Limited | 6276.00 | 726.00 | 718.00 | 722.00 | 9.00 |
| 18 | Citizen Bank International Limited | 19747.00 | 243.00 | 234.00 | 239.00 | 3.00 |
| 19 | Citizen Investment Trust | 345.00 | 2420.00 | 2400.00 | 2405.00 | 4.00 |
| 20 | Citizens Mutual Fund -1 | 173100.00 | 9.69 | 9.13 | 9.50 | 0.55 |
| 21 | City Express Finance Co. Limited | 500.00 | 114.00 | 114.00 | 114.00 | 2.00 |
| 22 | Civil Bank Ltd | 56016.00 | 154.00 | 150.00 | 150.00 | 0.00 |
| 23 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 166.00 | 659.00 | 647.00 | 659.00 | 4.00 |
| 24 | Deprosc Lag. Bittiya Sanstha Limited | 362.00 | 659.00 | 649.00 | 659.00 | 19.00 |
| 25 | Deva Bikas Bank Limited | 8180.00 | 131.00 | 127.00 | 129.00 | 2.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 159.00 | 107.00 | 105.00 | 105.00 | -1.00 |
| 27 | Everest Bank Limited | 11270.00 | 664.00 | 648.00 | 663.00 | 5.00 |
| 28 | Everest Insurance Co. Ltd. | 412.00 | 1254.00 | 1230.00 | 1254.00 | 4.00 |
| 29 | Excel Development Bank Ltd. | 6101.00 | 318.00 | 308.00 | 311.00 | 4.00 |
| 30 | First Micro Finance Lag. Bittiya Sanstha Ltd. | 7636.00 | 415.00 | 404.00 | 410.00 | 5.00 |
| 31 | Forward Comm. Mic. Bittiya Sanstha Ltd. | 1568.00 | 2118.00 | 2075.00 | 2085.00 | 15.00 |
| 32 | Gandaki Bikas Bank Limited | 8095.00 | 200.00 | 196.00 | 197.00 | -1.00 |
| 33 | Garima Bikas Bank Limited | 8865.00 | 196.00 | 191.00 | 193.00 | 2.00 |
| 34 | Global IME Bank Limited | 27171.00 | 307.00 | 301.00 | 305.00 | 5.00 |
| 35 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 82.00 | 1139.00 | 1055.00 | 1139.00 | 89.00 |
| 36 | Global IME Samunnat Scheme-1 | 26000.00 | 8.23 | 8.07 | 8.07 | -0.33 |
| 37 | Green Development Bank Ltd. | 810.00 | 132.00 | 130.00 | 132.00 | 4.00 |
| 38 | Guheshowori Mer. Bank & Finance Co. Ltd. | 100.00 | 135.00 | 135.00 | 135.00 | 2.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 2913.00 | 838.00 | 792.00 | 811.00 | 21.00 |
| 40 | Gurkhas Finance Ltd. | 1530.00 | 115.00 | 113.00 | 115.00 | 4.00 |
| 41 | Hathway Finance Company Limited | 510.00 | 126.00 | 118.00 | 124.00 | 8.00 |
| 42 | Himalayan Bank Limited | 3323.00 | 550.00 | 531.00 | 544.00 | 8.00 |
| 43 | Himalayan Distillery Limited | 40.00 | 1388.00 | 1361.00 | 1388.00 | 53.00 |
| 44 | Himalayan General Insurance Co. Ltd | 3470.00 | 424.00 | 415.00 | 417.00 | 2.00 |
| 45 | Himalayan Power Partner Ltd. | 430.00 | 249.00 | 241.00 | 246.00 | 3.00 |
| 46 | ICFC Finance Limited | 1867.00 | 163.00 | 160.00 | 163.00 | 1.00 |
| 47 | IME General Insurance Ltd. | 144.00 | 816.00 | 798.00 | 816.00 | 31.00 |
| 48 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 11787.00 | 164.00 | 158.00 | 162.00 | 2.00 |
| 49 | Janaki Finance Ltd. | 2507.00 | 199.00 | 193.00 | 193.00 | -2.00 |
| 50 | Janata Bank Nepal Ltd. | 97394.00 | 164.00 | 158.00 | 162.00 | 3.00 |
| 51 | Janautthan Sam. Laghubitta Bikas Bank Ltd. | 93.00 | 2820.00 | 2770.00 | 2820.00 | 55.00 |
| 52 | Jyoti Bikas Bank Limited | 7261.00 | 146.00 | 141.00 | 143.00 | 1.00 |
| 53 | Kabeli Bikas Bank Limited | 50.00 | 216.00 | 200.00 | 216.00 | 19.00 |
| 54 | Kailash Bikas Bank Ltd. | 3118.00 | 238.00 | 230.00 | 230.00 | -3.00 |
| 55 | Kalika Microcredit Development Bank Ltd. | 850.00 | 1249.00 | 1190.00 | 1190.00 | 0.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 25500.00 | 146.00 | 142.00 | 146.00 | 3.00 |
| 57 | Karnali Development Bank Limited | 5495.00 | 105.00 | 101.00 | 101.00 | 0.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 260.00 | 110.00 | 105.00 | 110.00 | 6.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 40.00 | 1586.00 | 1555.00 | 1586.00 | 36.00 |
| 60 | Kumari Bank Limited | 78538.00 | 212.00 | 204.00 | 209.00 | 1.00 |
| 61 | Laxmi Bank Limited | 35331.00 | 254.00 | 235.00 | 254.00 | 23.00 |
| 62 | Laxmi Equity Fund | 700.00 | 8.00 | 8.00 | 8.00 | 0.05 |
| 63 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 3357.00 | 990.00 | 950.00 | 980.00 | 35.00 |
| 64 | Laxmi Value Fund-1 | 5310.00 | 10.25 | 10.20 | 10.25 | 0.25 |
| 65 | Life Insurance Co. Nepal | 698.00 | 1606.00 | 1575.00 | 1590.00 | 10.00 |
| 66 | Lumbini Bikas Bank Ltd. | 3473.00 | 154.00 | 149.00 | 149.00 | 1.00 |
| 67 | Lumbini General Insurance Co. Ltd. | 5220.00 | 535.00 | 515.00 | 525.00 | 13.00 |
| 68 | Machhapuchhre Bank Limited | 11414.00 | 212.00 | 204.00 | 209.00 | 2.00 |
| 69 | Mahalaxmi Bikas Bank Ltd. | 8466.00 | 195.00 | 190.00 | 190.00 | -1.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 566.00 | 642.00 | 618.00 | 630.00 | 5.00 |
| 71 | Mahuli Samudayik Lag. Bittiya Sanstha Ltd. | 315.00 | 2410.00 | 2362.00 | 2362.00 | -3.00 |
| 72 | Manjushree Finance Ltd. | 4841.00 | 123.00 | 119.00 | 121.00 | 0.00 |
| 73 | Mega Bank Nepal Ltd. | 75519.00 | 171.00 | 163.00 | 171.00 | 8.00 |
| 74 | Mega Bank Nepal Ltd. Promoter Share | 11538.00 | 110.00 | 110.00 | 110.00 | 0.00 |
| 75 | Mero Microfinance Bittiya Sanstha Ltd. | 604.00 | 1050.00 | 1020.00 | 1020.00 | 5.00 |
| 76 | Mirmire LaghuBitta Bittiya Sanstha Limited | 972.00 | 1545.00 | 1435.00 | 1520.00 | 90.00 |
| 77 | Miteri Development Bank Limited | 754.00 | 277.00 | 272.00 | 272.00 | 5.00 |
| 78 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 379.00 | 845.00 | 826.00 | 840.00 | 11.00 |
| 79 | Muktinath Bikas Bank Ltd. | 6855.00 | 391.00 | 384.00 | 390.00 | 8.00 |
| 80 | Muktinath Bikas Bank Ltd. Pro. Share | 30000.00 | 213.00 | 213.00 | 213.00 | -2.00 |
| 81 | Multipurpose Finance Company Limited | 51.00 | 194.00 | 185.00 | 194.00 | 6.00 |
| 82 | Nabil Bank Limited | 7503.00 | 970.00 | 955.00 | 964.00 | 14.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 7177.00 | 757.00 | 740.00 | 749.00 | 13.00 |
| 84 | Nabil Equity Fund | 1127.00 | 8.80 | 8.80 | 8.80 | 0.13 |
| 85 | Nadep Laghubitta Bittiya Sanstha Ltd. | 10.00 | 663.00 | 663.00 | 663.00 | 13.00 |
| 86 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1071.00 | 1020.00 | 996.00 | 1015.00 | 3.00 |
| 87 | National Hydro Power Company Limited | 16473.00 | 81.00 | 79.00 | 79.00 | 0.00 |
| 88 | National Life Insurance Co. Ltd. | 2210.00 | 730.00 | 705.00 | 720.00 | 18.00 |
| 89 | National Microfinance Bittiya Sanstha Ltd. | 239.00 | 2136.00 | 2090.00 | 2090.00 | 20.00 |
| 90 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 10.00 | 673.00 | 673.00 | 673.00 | 13.00 |
| 91 | Neco Insurance Co. Ltd. | 4566.00 | 524.00 | 513.00 | 515.00 | 5.00 |
| 92 | Nepal Bangladesh Bank Limited | 30713.00 | 207.00 | 200.00 | 206.00 | 4.00 |
| 93 | Nepal Bank Limited | 64843.00 | 298.00 | 290.00 | 296.00 | 6.00 |
| 94 | Nepal Community Development Bank Ltd. | 617.00 | 123.00 | 122.00 | 122.00 | 2.00 |
| 95 | Nepal Credit And Comm.l Bank Limited | 42685.00 | 187.00 | 181.00 | 186.00 | 5.00 |
| 96 | Nepal Doorsanchar Comapany Limited | 4880.00 | 734.00 | 725.00 | 730.00 | -2.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 1770.00 | 163.00 | 160.00 | 160.00 | 0.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 9127.00 | 535.00 | 520.00 | 524.00 | 14.00 |
| 99 | Nepal Investment Bank Limited | 17927.00 | 647.00 | 637.00 | 644.00 | 7.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 12912.00 | 589.00 | 578.00 | 584.00 | -5.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 127183.00 | 923.00 | 880.00 | 900.00 | 5.00 |
| 102 | Nepal SBI Bank Limited | 3296.00 | 502.00 | 498.00 | 498.00 | 3.00 |
| 103 | Nepal Seva Laghubitta Bittiya Sanstha Ltd. | 10.00 | 430.00 | 430.00 | 430.00 | 8.00 |
| 104 | Nerude Laghubita Bikas Bank Limited | 2556.00 | 564.00 | 546.00 | 549.00 | 6.00 |
| 105 | Ngadi Group Power Ltd. | 1912.00 | 173.00 | 160.00 | 162.00 | -14.00 |
| 106 | NIBL Pragati Fund | 3535.00 | 8.16 | 8.00 | 8.16 | 0.24 |
| 107 | NIBL Samriddhi Fund 1 | 22673.00 | 11.55 | 11.50 | 11.55 | 0.20 |
| 108 | NIC Asia Bank Ltd. | 93515.00 | 370.00 | 356.00 | 366.00 | 7.00 |
| 109 | NIC Asia Growth Fund | 5700.00 | 9.27 | 8.91 | 9.27 | 0.53 |
| 110 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 499.00 | 980.00 | 960.00 | 975.00 | 14.00 |
| 111 | NLG Insurance Company Ltd. | 2438.00 | 848.00 | 830.00 | 846.00 | 0.00 |
| 112 | NMB Microfinance Bittiya Sanstha Ltd. | 559.00 | 1510.00 | 1465.00 | 1475.00 | 13.00 |
| 113 | NMB Bank Limited | 76056.00 | 329.00 | 322.00 | 325.00 | 1.00 |
| 114 | NMB Sulav Investment Fund-1 | 82700.00 | 12.65 | 12.40 | 12.55 | 0.05 |
| 115 | Oriental Hotels Limited | 2748.00 | 519.00 | 509.00 | 515.00 | -4.00 |
| 116 | Pokhara Finance Ltd. | 924.00 | 148.00 | 144.00 | 146.00 | 2.00 |
| 117 | Prabhu Bank Limited | 44943.00 | 187.00 | 181.00 | 183.00 | 3.00 |
| 118 | Prabhu Insurance Ltd. | 7498.00 | 493.00 | 480.00 | 483.00 | -1.00 |
| 119 | Premier Insurance Co. Ltd. | 1064.00 | 1070.00 | 1040.00 | 1070.00 | 30.00 |
| 120 | Prime Commercial Bank Ltd. | 30173.00 | 308.00 | 299.00 | 306.00 | 7.00 |
| 121 | Prime Life Insurance Company Limited | 5218.00 | 512.00 | 500.00 | 510.00 | 14.00 |
| 122 | Prudential Insurance Co. Ltd. | 1557.00 | 763.00 | 733.00 | 748.00 | 22.00 |
| 123 | Purnima Bikas Bank Ltd. | 421.00 | 164.00 | 160.00 | 164.00 | 6.00 |
| 124 | Radhi Bidyut Company Ltd | 110.00 | 221.00 | 218.00 | 221.00 | -3.00 |
| 125 | Rairang Hydropower Dev. Company Ltd. | 4800.00 | 151.00 | 141.00 | 143.00 | 0.00 |
| 126 | Rastriya Beema Company Limited | 81.00 | 10700.00 | 10515.00 | 10700.00 | 210.00 |
| 127 | Rastriya Beema Co. Limited Pro. Share | 300.00 | 9768.00 | 9390.00 | 9582.00 | 26.00 |
| 128 | Reliance Finance Ltd. | 1469.00 | 121.00 | 117.00 | 118.00 | -1.00 |
| 129 | Ridi Hydropower Development Co. Ltd. | 2843.00 | 115.00 | 113.00 | 114.00 | 1.00 |
| 130 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 2908.00 | 665.00 | 640.00 | 645.00 | 8.00 |
| 131 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 3018.00 | 509.00 | 496.00 | 496.00 | 3.00 |
| 132 | Sagarmatha Insurance Co. Ltd. | 1161.00 | 1380.00 | 1365.00 | 1365.00 | 3.00 |
| 133 | Sahayogi Bikas Bank Limited | 1827.00 | 210.00 | 206.00 | 208.00 | 3.00 |
| 134 | Samata Microfinance Bittiya Sanstha Ltd. | 618.00 | 1144.00 | 1100.00 | 1130.00 | 17.00 |
| 135 | Sana Kisan Bikas Bank Ltd | 1368.00 | 1130.00 | 1121.00 | 1130.00 | 1.00 |
| 136 | Sanima Bank Limited | 40897.00 | 334.00 | 325.00 | 330.00 | 4.00 |
| 137 | Sanima Equity Fund | 7300.00 | 9.30 | 9.00 | 9.30 | 0.35 |
| 138 | Sanima Mai Hydropower Ltd. | 21846.00 | 307.00 | 297.00 | 304.00 | 3.00 |
| 139 | Saptakoshi Development Bank Ltd. | 100.00 | 118.00 | 118.00 | 118.00 | 2.00 |
| 140 | Shangrila Development Bank Ltd. | 19944.00 | 150.00 | 146.00 | 148.00 | 2.00 |
| 141 | Shikhar Insurance Co. Ltd. | 2089.00 | 945.00 | 895.00 | 928.00 | 18.00 |
| 142 | Shine Resunga Development Bank Ltd. | 4504.00 | 295.00 | 284.00 | 289.00 | 9.00 |

Total Amount Rs. 546,021,719 Total Quantity 1,898,305 Total No of Transactions 5,971

> बालाजु सब-स्टेसनमा पिक समयमा करिब ३१ मेगावाट विद्युत् माग छ। साधारण समयमा सब-स्टेसनमा चालू रहेको एउटा ट्रान्सफर्मरले लोड धाने पनि पिक समयमा नधान्ने हुँदा आलोपालो गर्दै त्यस क्षेत्रमा विद्युत् आपूर्ति कटौती गरिएको अधिकारीले जानकारी दिनुभयो।

# ट्रान्सफर्मरमा आगलागी हुँदा बालाजु क्षेत्रमा विद्युत् अनियमित

नेपाल समाचारपत्र

काठमाडौं

आगलागीका कारण क्षति पुगेको बालाजु सब-स्टेसनको ट्रान्सफर्मको मर्मत तीव्र गतिमा शुरू गरिरहेको छ। सब-स्टेसनमा रहेका २ वटा २२.५ एमभीएको ट्रान्सफर्मरमध्ये एउटाको उच्च भोल्टेज बुसिङमा शनिबार राति करिब ७ बजे आगलागी भएको थियो।

आगलागीबाट बालाजु र महाराजगन्जको बीचमा विद्युत आपूर्तिमा गडबढी भइरहेको छ। नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले ट्रान्सफर्मरमा समस्या आउना साथ प्राविधिक टोली खटिई मर्मत गरिरहेको जानकारी दिए।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ आइतबार सब-स्टेसनको स्थलगत निरीक्षण गरी मर्मत सम्भारको काम छिट्टो सक्न निर्देशन दिएका थिए।

'आगलागी भएको बुसिङ फेरि तेल हालिएको छ, लो भोल्टेज बुसिङमा पनि समस्या देखिएकाले त्यसलाई फेर्ने काम भइरहेको छ,' प्रवक्ता अधिकारीले भन्नुभयो-'मर्मत सम्भारको काम चाँडोभन्दा चाँडो सकेर विद्युत् आपूर्ति नियमित गर्न प्राधिकरण लागिरहेको छ।'

बालाजु सब-स्टेसनमा पिक समयमा करिब ३१ मेगावाट विद्युत् माग छ। साधारण समयमा सब-स्टेसनमा चालू रहेको एउटा ट्रान्सफर्मरले लोड धाने पनि पिक समयमा नधान्ने हुँदा आलोपालो गर्दै त्यस क्षेत्रमा विद्युत् आपूर्ति कटौती गरिएको अधिकारीले जानकारी दिनुभयो। 'एउटा ट्रान्सफर्मरमा आगलागी भएपछि त्यस क्षेत्रमा करिब १५ मेगावाट विद्युत् आपूर्ति गर्न सकिँदैन,' उहाँले भन्नुभयो-'यसले गर्दा त्यस क्षेत्रमा विद्युत् आपूर्तिमा केही गडबढी भएको छ।'

धर्मस्थली, विष्णुमती, नागार्जुन, महाराजगन्ज-१, महाराजगन्ज-२, टेकु-१, बिआई डी-१, बीआई डी-२, नयाँ बजार फिडरबाट विद्युत् आपूर्ति भएका क्षेत्र प्रभावित भएका हुन्।

# रियल स्कुल अफ नेपालका विजेतालाई पुरस्कार प्रदान



नेपाल समाचारपत्र

काठमाडौं

रियल स्कुल अफ नेपाल २०१८ को ग्रान्ड फिनाले र पुरस्कार वितरण समारोहमा प्रिमियर इन्टरनेसनल स्कुल ललितपुरमा सम्पन्न भएको छ।

नारायणघाटको सैनिक आवसीय महाविद्यालय रियल स्कुल अफ नेपाल २०१८ घोषित भएको छ। विजयी विद्यालयका सहभागी विद्यार्थी सोनिया कार्की, सिम्रन क्षेत्री, निश्चल दिश्व मगर, सविना थापा, जीवन महतो र प्रमेश दराई रहेका छन्।

त्यस्तै काठमाडौं पूर्वको ग्यालेक्सी पब्लिक स्कुल र ललितपुरको जेम्स हाइयर सेकेन्डरी स्कुल रियल स्कुल अफ नेपाल २०१८ को क्रमशः दोस्रो र तेस्रो विजयी विद्यालय घोषित भएका छन्।

रियल स्कुल अफ नेपालका विजयी विद्यालयले नगद एक लाख र विजयी विद्यालयको प्रत्येक सहभागी विद्यार्थीले एक ल्यापटप प्राप्त गरेका छन्। साथै दोस्रो र तेस्रो आउने विद्यालयले क्रमशःनगद पुरस्कार ५० हजार र २५ हजार रुपियाँ प्राप्त गरेका छन् भने सोही विद्यालयका सहभागी विद्यार्थीले क्रमशः ३० हजार (५ हजार रुपियाँ प्रतिविद्यार्थी) र १८ सय ( ३ हजार प्रतिविद्यार्थी) बराबरको नगद पुरस्कार प्राप्त गरेका छन्।

# एलजीको डिलर्स समिट सम्पन्न



काठमाडौं, (नेस)

एलजीको डिलर समिट सम्पन्न भएको छ। करिब १७० जना डिलरको सहभागिता रहेको समिटमा विभिन्न विधामा डिलरलाई पुरस्कृत गरिएको कम्पनीले जनाएको छ।

उक्त कार्यक्रममा एलजीका विभिन्न नयाँ टेक्नोलोजीका सामानको डिस्प्ले गर्नुका साथै भिजन २०२० का बारेमा छलफल गरिएको कम्पनीले जनाएको छ।

उक्त कार्यक्रममा सिजी कर्प ग्लोबलका प्रबन्ध निर्देशक निर्वाण चौधरी तथा सिजी इलेक्ट्रोनिक्सका भ्याइस प्रेसिडेन्ट एससी सम्भोको पनि सहभागिता रहेको थियो।

# एनसीसी बैंक र एनएलजी इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

एनसीसी बैंक र एनएलजी इन्स्योरेन्स कम्पनीबीच नन-लाइफ इन्स्योरेन्स पोलिसी बिक्री गर्ने सम्झौता भएको छ।

सम्झौताअनुसार एनसीसी बैंकको कर्पोरेट तथा विभिन्न शाखा कार्यालयबाट एनएलजी इन्स्योरेन्स कम्पनीको पोलिसी बिक्री हुनेछ। सम्झौतामा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्याल र एनएलजी इन्स्योरेन्स कम्पनका तर्फबाट कामु प्रमुख कार्यकारी अधिकृत सुनील बल्लभ पन्तले संयुक्त रुपमा हस्ताक्षर गर्नुभएको थियो।

# होन्डा एक्स ब्लेड नेपाली बजारमा

काठमाडौं, (नेस)

नेपालका लागि होन्डा मोटरसाइकल तथा स्कुटरको अधिकारिक बिक्रेता स्याकार ट्रेडिङ कम्पनी प्रालिले नयाँ होन्डा एक्स ब्लेडलाई नेपाली बजारमा ल्याएको छ। १६० सीसीअन्तर्गतको मोटरसाइमा रोबि फेस एलईडी हेड ल्याम्प प्रयोग गर्ने होन्डा एक्स् ब्लेड पहिलो मोटरसाइल हो।

नेपालको सडकका लागि अति उपयुक्त यस बाइकलाई होन्डाले स्पोर्टी र मस्कुलर लुक दिएको छ। भारतीय बजारमा केही समय अगाडि लन्च भएको यस मोटरसाइलको नेपाली बजारमा पनि उल्लेखनीय माग भएको कारण होन्डाले यस बाइकलाई नेपाली बजारमा लन्च गर्न लागेको हो। ५ विभिन्न रङमा उपलब्ध यस बाइकमा स्टार्ट टच डिजिटल मिटर, लामो र आरमदायी सिट, मोनोसक सस्पेन्सन, डुअल आउटलेट, टेलल्याम्प, फराकिलो टायर, बढी समय टिक्ने सिल चेन जस्ता धेरै विशेषता रहेका छन्। शक्तिशाली १६० सीसी इन्जिन रहेको छ।






भर्खरै !
भर्खरै ! के भयो दुनियामा
भर्खरै ! सोध्नुहोस् हामीलाई
भर्खरै ! हाजिर हुनेछ
जवाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ भर्खरै !

# रजत पदक विजेतालाई सम्मान



नेपाल समाचारपत्र

काठमाडौं

इन्डोनेसियाको जाकार्ता र पालेम्बाङ हालै सम्पन्न १८औं एसियाली खेलकुदमा नेपालको इज्जत ढाकेको एक मात्र खेल पाराग्लाइडिङका खेलाडीहरु सोमबार सम्मानित भएका छन्।

राष्ट्रिय सभागृहमा युवा तथा खेलकुदमन्त्री जगतबहादुर सुनारले पाराग्लाइडिङ खेलाडीलाई नगदसहित सम्मान गर्नुभयो। इन्डोनेसियामा एडभेन्चर खेलको रूपमा परिचित पाराग्लाइडिङको पुरुष टिमतर्फ नेपालले रजत पदक जितेको थियो। यो नेपालको एसियाली खेलकुदमा दोस्रो रजत पदक हो। यसअघि सन् १९९८ मा थाइल्यान्डको राजधानी बैंककमा सम्पन्न एसियाली खेलकुदमा तेक्वान्दोतर्फ सविता राजभण्डारीले नेपाललाई रजत पदक दिलाएकी थिइन्।

पाराग्लाइडिङका खेलाडीहरु कप्तान विमल अधिकारी, विशाल थापा, सुशील गुरुङ, विजय गौतम र युकेश गुरुङलाई सम्मानस्वरूप नगद ५ लाख रुपियाँ दिइयो। त्यस्तै प्रशिक्षकलाई ३ लाख, सहायक प्रशिक्षकलाई १ लाख ५० हजार र पाराग्लाइडिङ संघलाई ६ लाख रुपियाँ प्रदान गरिएको थियो।

यसअघि खेलाडीहरुलाई बाजागाजासहित बग्गीमा राखेर राखेप त्रिपुरेश्वरदेखि न्युरोड गेट, रत्नपार्क हुँदै कार्यक्रमस्थल राष्ट्रिय सभागृह लगिएको थियो। खेलाडीलाई बधाइ दिँदै मन्त्री सुनारले अपेक्षाकृत सफलता हात पार्न नसकेको र एक रजत पदकमा नै चित्त बुझाउनुपरेको भन्दै त्यसको समीक्षा गर्ने बताए।

## जेभियरलाई उपाधि

काठमाडौं, (नेस)

आयोजक जेभियर इन्टरनेसनल कलेजले छैटौं जेभियर इन्टरनेसनल यू-१९ तथा दोस्रो जेभियर 'ए' लेभल थ्री अन थ्री बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ सोमबार उपाधि हात पारेको छ। ब्वाइजतर्फको खेलमा जेभियर 'ए' ले द टाइम्स इन्टरनेसनल कलेजमाथि ७६ - ६९ अंकको जित निकाल्दै उपाधि हात पारेको हो। विजेता टोलीका लागि मोस्ट भ्यालुएबल प्लेयर निकेश मगरले २५ अंक योगदान गरे।

गर्ल्सतर्फको खेलमा साइपाल एकेडेमीले जेभियरलाई पाखा लगाउँदै उपाधि उचाल्यो। छिरिङ शेर्पाको १२ अंकको मद्दतले साइपालले जेभियरमाथि ४१-३७ अंकको जित निकाल्यो। साइपालकी प्रतिक्षा मगर उत्कृष्ट खेलाडी घोषित भइन्।

## उपत्यकाव्यापी अन्तरकलेज फुटसल हुने

काठमाडौं, (नेस)

डीएभी कलेजको आयोजनामा भदौ २१ र २२ गते 'उपत्यकाव्यापी अन्तरकलेज फुटसल प्रतियोगिता-२०७५' को आयोजना हुने भएको छ।

ललितपुर जावलाखेलस्थित डीएभी कलेजले आफ्नै फुटसल खेलमैदानमा सञ्चालन हुने यो प्रतियोगतामा राष्ट्रिय परीक्षा बोर्डअन्तर्गतका २५ वटा कलेजले प्रतिस्पर्धा गर्ने भएका छन्। 'लिग कम नकआउट' का आधारमा खेलाइने सो प्रतियोगितामा विजेता टोलीलाई १ लाख र उपविजेतालाई ५० हजार प्रदान गरिने कुरा कलेजका एकेडेमिक डाइरेक्टर श्री सुमन बस्नेतले जानकारी गराए। प्रतियोगितामा उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षकलाई आकर्षक पुरस्कारको व्यवस्था पनि गरिएको उनले बताए।

HOME FURNISHERS PVT. LTD.
Tripureshwor, (Way to Thapathali) Kathmandu, Nepal.
Ph.: 4254601 4262240
Mobile: 9851162809
Dia Safe
FIREPROOF SAFE AND CABINETS



## धरहरा

### जस्तो नाम त्यस्तै काम



कोही व्यक्तिले चेलीबेटीलाई कर्के नजर लगाउँदै यौन आशय झल्किने गतिविधि गर्‍यो भने प्रतिकार गर्दै गाली बर्सिन्छ- 'कस्तो छिल्लिएको बोकोजस्तो रैछ।' यस्तो गाली बर्साउन नेपाली माहिर छन्। कर्के नजरवालाहरु हजुरबा भएर स्वर्गलोक पुगे पनि बोके गाली खाने नयाँ पुस्ताको खाँचो छैन।

उता नाइजेरियामा वर्षौंदेखि त्यहाँको विद्रोही समूह 'बोको हराम' ले धेरैको निद हराम गरेको छ। सो समूहको नाम धेरैलाई मुखाग्र भइसकेको छ। हरेक साता, हरेक महिना कुनै न कुनै सशस्त्र हमलामा उत्रिने भएपछि त्यहाँको बोको विश्व प्रसिद्ध झैं बन्या छ। छुट्टै इस्लामिक स्टेट बनाउन जुट्या बोको हराम सशस्त्र आन्दोलनबाट मात्रै आफ्नो मिसन पूरा हुन्छ भन्ने बुझाइका साथ गुपचुप रणनीति बुन्न माहिर छ।

सो समूहले आइतबार त्यहाँको सरकारी सेनाको शिविरमा आक्रमण गर्दा सेनातर्फ ठूलै क्षति भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। सोमबार साँझसम्ममा कम्तिमा ४८ जना सरकारी सैनिकको निधन भएको धरहराले सुन्यो। हरेक महिनाजसो उसले ठूलै आतंक मच्चाउने गर्छ। सो समूह निकै हरामै हो नि, त्यसैले धरहरालाई भन्न मन लाग्यो- 'जस्तो नाम त्यस्तै काम।'

# कूकद्वारा संन्यासको घोषणा

लन्डन, (एजेन्सी)

इंग्ल्यान्डका लागि टेस्ट खेलमा उच्चतम रन बनाएका ब्याट्सम्यान एलेस्टेर कूकले अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिने घोषणा गरेका छन्।

भारतविरुद्धको पाँचौं तथा अन्तिम टेस्ट कूकको अन्तर्राष्ट्रिय करियरमा अन्तिम खेल हुनेछ। ३३ वर्षीय ओपनर ब्याट्सम्यानले १२ हजार २ सय ५४ रन बनाएका छन्। उनले १ सय ६० टेस्ट खेल्दै ३२ टेस्ट शतक प्रहार गर्नु इंग्ल्यान्डका लागि रेकर्ड हो। साथै १० हजार रन पूरा गर्ने पनि उनी इंग्ल्यान्डका एक्लो ब्याट्सम्यान हुन्। ५९ टेस्टमा कप्तानी गरेर रेकर्ड राखेका कूकले बताए- 'ट्यांकमा केही पनि बाँकी रहेन।'

५ खेलको टेस्ट सिरिजको अन्तिम खेल ओभलमा यसै शुक्रबारबाट शुरू हुँदै छ। घरेलु टोली इंग्ल्यान्डले ३-१ को अग्रतासँगै भारतविरुद्धको टेस्टसिरिज जितिसकेको छ। कूक टेस्टमा सर्वाधिक रन बनाउने सूचीमा छैटौं स्थानमा रहेका छन्। उनले ओपनर ब्याट्सम्यानका रूपमा ११ हजार ६ सय २७ रन जोड्नु पनि रेकर्ड बनेको छ।

हाल रन बनाउन संघर्ष गरिरहेका उनले बताए- 'मैले करियरमा सोचेभन्दा ज्यादा उपलब्धि गरेको छु।'

कूकले अघिल्ला १६ इनिङमा १८ दशमलव ६२ औसतले रन बनाएका छन्। उनले भारतविरुद्ध चलिरहेको सिरिजमा ४ खेल खेल्दा ५० रन पनि बटुल्न सकेका छैनन्। बायाँ हाते ब्याट्सम्यानले २१ वर्षको उमेरमा टेस्टमा डेब्यु गरेका थिए। उनले सन् २००६ मा माइकल भोनलाई स्थानान्तर गर्दै भारतविरुद्ध नागपुरमा पहिलो टेस्ट खेलेका थिए। उनले दोस्रो इनिङमा नटआउट हुँदै शतक प्रहार गरेर पहिलो टेस्टलाई स्मरणीय बनाएका थिए।

कूकले ७ एसेस सिरिजमध्ये ४ मा जित हात पारेका थिए। उनले २०१०-११ सिजनमा ७ सय ६६ रन बनाउँदै २४ वर्षमा पहिलोपटक अस्ट्रेलियामा एसेस दिलाएका थिए। उनी सन् २०१२ मा एन्ड्र्यू स्ट्राउसलाई हटाउँदै इंग्ल्यान्ड टोलीका कप्तान बनेका थिए। उनको कप्तानीमा २४ टेस्ट जितेको थियो। उनीभन्दा बढी भोनले २६ टेस्ट जितेका थिए। तर कप्तानीमा कूकको २२ टेस्ट हारेको खराब रेकर्ड पनि दर्ता भएको छ।



# आधीअवाधी महिला लिगको ट्रफी सार्वजनिक

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल भलिबल संघ (एनभीए) आधीअवाधी फाउन्डेसनको संयुक्त आयोजनामा सञ्चालन हुने 'आधीअवाधी महिला भलिबल लिग' भलिबल प्रतियोगिताको ट्रफी सोमबार सार्वजनिक गरिएको छ।

आगामी असोज १३ गतेदेखि १७ गतेसम्म हुने लिगमा तीन विभागीय क्लब पुलिस, एपीएफ र आर्मीका साथै चितवन टाइगर्स, पोखरा पिन्केज र न्यू डायमन्ड क्लबले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा सहभागी ६ टोलीमध्ये ४ टोलीका गुडविल एम्बेसडर, संघका अध्यक्ष मनोरन्जन रमण शर्मा र आधीअवाधी फाउन्डेसनका प्रमुख कार्यकारी अधिकृत (सीइओ) दिनेशकुमार सिंहले संयुक्त रूपमा ट्रफी सार्वजनिक गरेका थिए।

लिगमा ६ वटै टोलीको गुडविल एम्बेसडर भारतीय कलाकार रहेका छन्। प्रतियोगितालाई थप रोचक बनाउन हरेक टोलीमा गुडविल एम्बेसडर राखिएको संघका महासचिव जितेन्द्रबहादुर चन्दले बताए। तर कार्यक्रममा ४ टोलीका एम्बेसडर पूजा गौर (चितवन टाइगर्स), सोनिया शर्मा (आर्मी), रिसिका सिंह (एपीएफ) र ऋतु दुधानी (न्यु डायमन्ड) मात्र उपस्थित थिए। लभिना टण्डन (पुलिस) र प्राची तेहलन (पोखरा) हाल फिल्म छायांकनका लागि भारतबाहिर रहेको आयोजकले जनाएको छ।



आर्मी, चितवन टाइगर र न्यु डायमण्ड एक समूहमा छन् भने एपीएफ, पुलिस र पोखरा पिन्केज अर्को समूहमा रहेका छन्। चितवन टाइगरमा भने अमेरिकन खेलाडी आउने पक्का भएको आधीअवाधी फाउन्डेसनका नेपाल प्रमुख सूर्य गुरुङले जानकारी गराए। गुरुङका अनुसार ओपन स्पाइकर र सेन्टर ब्लकका रूपमा भित्र्याइएका खेलाडीमा सेल्बी डाल्टन, ज्याकलिन ब्रिक्स र टिज निकोल रुन ट्रि रहेका छन्।

प्रत्येक टोलीले ४ विदेशी खेलाडी राख्न पाए पनि कोर्टभित्र भने ३ खेलाडी मात्र उतार्न पाउने भलिबल संघले नियम बनाएको छ। राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा हुने ५ दिने प्रतियोगिताको विजेताले ६ लाख, उपविजेताले ३ लाख र तेस्रो हुनेले १ लाख ५० हजार पुरस्कार पाउनेछन्।

# बार्सिलोनाको गोल वर्षा

लन्डन, (एजेन्सी)

ला लिगा फुटबलमा साविक विजेता बार्सिलोनाले गोलको वर्षा गरेको छ।

आइतबार राति घरेलु मैदानमा भएको खेलमा बार्सिलोनाले यसै सिजन शीर्ष लिगमा स्तरोन्नति भएको क्लब हुएस्कालाई ८-२ को फराकिलो गोल अन्तरले हराउँदै शानदार जित दर्ता गरेको हो। बार्सिलोनाले एक गोलले पछि परेको स्थितिलाई उल्ट्याउँदै सहज जित हात पारेको हो।

खेलको तेस्रो मिनेटमै बार्सिलोना पछाडि परेको थियो। हुएस्काले जुआन क्यामिलोको गोलमार्फत् खेलको तेस्रो मिनेटमै अग्रता लिएको थियो। तर मेसीले १६औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याएका थिए। खेलको २४औं मिनेटमा जोर्गे पुलिडोको आत्मघाती गोलमा बार्सिलोना अगाडि बढ्यो। लुइस सुआरेजले जोर्डी अल्बाको पासमा गोल गर्दै खेल ३-१ को स्थितिमा पुर्‍याए। एलेक्स गल्लारले पाहुना टोलीका लागि पहिलो हाफको अन्त्यतिर गोल गर्दै अन्तर कम गरे।

दोस्रो हाफको तेस्रो मिनेटमा ओस्मान डेम्बेलेले गोल गरे। त्यसपछि ९ मिनेटको अन्तरमा मेसी र राकिटिचले गोल गर्दै खेल हुएस्काको पक्षमा फर्कन नदिने स्थिति तयार पारे। मेसीले ८१औं मिनेटमा अल्बालाई पास दिए र डिफेन्डरले कुनै गल्ती गरेनन्। अन्तिम समयमा सुआरेजले पेनाल्टीमार्फत गोल गर्दै बार्सिलोनालाई सहज जित दिलाए। यो जारी सिजनको सबैभन्दा फराकिलो जित पनि हो। जितसँगै बार्सिलोनाले तीन खेलबाट ९ अंक जोडेको छ।

# सेरेना ठूला उपाधि जित्ने इच्छुक

न्युयोर्क, (एजेन्सीं

सेरेना विलियम्सले न्युयोर्कमा जारी युएस ओपन टेनिसअन्तर्गत क्वार्टरफाइनलमा पुगेपछि ठूला उपाधि जित्ने अझै इच्छा भएको बताएकी छन्।

आमा बने पनि सेरेनाले उनको २४औं ग्रान्डस्लाम जित्ने इच्छा नसकेको सोमबार बताएकी हुन्। ३६ वर्षीया अमेरिकी खेलाडीले छोरी जन्माएपछि सातौं प्रतियोगिता खेल्दै छिन्। उनले बताइन्- 'मेरो इच्छा अझै ठूला उपाधि जित्ने हो। मेरो चाहना सकेको छैन। मलाई लाग्दैन कि उमेर यसको बाधा हुनेछ।

सेरेनाले अन्तिम १६ को खेलमा इस्टोनीयाकी काइया कानेपीलाई ६-०, ४-६, ६-३ ले हराएकी थिइन्। उनी सातौं उपाधितिर अग्रसर छिन्। यदि युएस ओपनमा उपाधि जितेमा उनले अस्ट्रेलियाकी मार्गरिट कोर्टको सर्वाधिक जितेको २४ ग्रान्डस्लाम उपाधि संख्या बराबर गर्नेछिन्।

नाडाल अन्तिम आठमा

डिफेन्डिङ च्याम्पियन राफाल नाडाल युएस ओपनमा उपाधि रक्षा गर्नेतिर अग्रसर भएका छन्। आइतबार भएको खेलमा जर्जियाका निकोलोज बासिलास्भिलीलाई हराउँदै नाडाल अन्तिम आठमा पुगे। ३२ वर्षीय स्पेनीले विश्व वरियतामा ३७औं स्थानमा रहेका खेलाडीलाई ६-३, ६-३, ६-७, ६-४ ले हराएका थिए। उनले अर्को चरणमा डोमिनिक थियामसँग खेल्नेछन्। अस्ट्रेलियाका थियामले दक्षिण अफ्रिकाका एस किङ केभिन एन्डरसनलाई तीन सेटमै पराजित गरेका थिए।

नाडाल सन् २०११ पछि यस वर्षको चारै वटा ग्रान्डस्लामको क्वार्टरफाइनलमा पुगेका छन्। जसमध्ये उनले फ्रेन्च ओपन जितेका छन्। १७ ग्रान्डस्लाम जितेका नाडालले युएस ओपनमा तीनपटक उपाधि हासिल गरेका छन्।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ